**जाडो मौसममा चीसोबाट बचौं**
> जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
> तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
> घर तथा कोठा न्यानो बनाऔं,
> बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
> बढी चीसोमा मर्निङवाक नगरौं,
> दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com





निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर १० गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 November 25 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८७

## वीरगंज जेसीजले नेपाल जेसीजको निर्देशन मानेन

प्रस, वीरगंज, ९ मङ्सिर/

वीरगंज जेसीजले नेपाल जेसीजको निर्देशनविपरीत शनिवार साधारणसभा सम्पन्न गरी २०२५ को लागि नयाँ कार्यकारीको चयन गरेको छ।


Nepal Jaycees JCI P.O.Box. 1355, Kathmandu

JCI Nepal

NJC-SG 47-SG-NVP 11/24 November 22, 2024

जेसी सौरभ श्रेष्ठज्यु,
राष्ट्रिय उपाध्यक्ष, निरुपित क्षेत्र "ख"
नेपाल जेसीज ।

विषयः आवश्यक छानविन सहित प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।

आत्मिय जेसी मित्र,
वीरगंज जेसीज वर्ष-२०१७ का अध्यक्ष सिनेटर मनिष श्रेष्ठज्युले वीरगंज जेसीजका वर्तमान अध्यक्ष **जेसी अजय चौधरीज्यु**को नागरिकताको आधिकारीक नोटराईज प्रतिलिपि समावेश गरी नेपाल जेसीजका राष्ट्रिय अध्यक्षज्युलाई सम्बोधन गरी २०८१ साल मंसिर ६ गतेको मिति राखी **विधान विपरित उमेर हद कटेको व्यक्तिलाई अध्यक्षबाट बर्खास्त गरि पाउँ भन्ने विषयको पत्र/निवेदन** नेपाल जेसीजको सचिवालयमा ईमेल मार्फत प्राप्त भएको सन्दर्भमा नेपाल जेसीजको सचिवालयमा **आधिकारीक नोटराईज** सहित प्राप्त भएका **जेसी अजय चौधरीज्युको नागरीकता प्रमाण पत्रको प्रतिलिपिहरु** अध्ययन गरी नेपाल जेसीजको विधान तथा नीति निर्देशिका भित्र रही प्रस्तुत विषय उपर आवश्यक छानविन सहित सत्य, तथ्यको खोज गरी आफ्नो सान्दर्भिक सुझाव सहितको प्रतिवेदन नेपाल जेसीज सचिवालयमा **यस पत्रका मितिले १० दिन भित्र** उपलब्ध गराईदिनहुनका लागि हार्दिक अनुरोध गर्दै क्षेत्र "ख" का निरुपित राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष **सिनेटर अनुप सुनुवार**ज्यू र वीरगंज जेसीज वर्ष-२०२४ का शाखा अध्यक्ष **जेसी अजय चौधरी**ज्यूलाई आवश्यक सम्पुर्ण सहयोग गरिदिनहुनका लागि अनुरोध समेत गर्दछु ।

**साथै, तत्कालका लागि नेपाल जेसीजको सचिवालयबाट अर्को सुचना नआउँदासम्म वीरगंज जेसीजले शाखामा कुनैपनि गतिविधिहरु नगर्न तथा नगराउनहुन यसै पत्रद्वारा निर्देष गर्दछु ।**

धन्यवाद ! जय जेसीज !!

बोधार्थः
**जेसी अजय चौधरी-** अध्यक्ष २०२४, वीरगंज जेसीज
**सिनेटर अनुप सुनवार-** क्षेत्र "ख" निरुपित राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष
सम्पुर्ण राष्ट्रिय पदाधिकारीज्युहरु,

जेसी सरोज अधिकारी
राष्ट्रिय महासचिव-२०२४
नेपाल जेसीज

**नोटः नेपाल जेसीजको सचिवालयमा ईमेल मार्फत आएको निवेदन र श्री अजय चौधरीज्युको आधिकारिक नोटराईज सहितको नागरिकताको प्रतिलिपि यसै पत्रका साथ संलग्न गरिएको छ ।**

JCI Nepal
Affiliated to Junior Chamber International inc. (JCI)
Jaycees Bhawan, Thapathali, G.P.O. Box: 1355, Kathmandu, Nepal
Tel: +977-1-5342311/5330765, Fax: +977-4267848
Web: www.jcinepal.org.np, Email: jcinepalthapathali@gmail.com

विधिको विधान अनुसार सञ्चालन हुँदै आएको दाबी गर्ने वीरगंज जेसीजले हिजो साधारणसभा गरेर आफैंले विधानविपरीत कार्य गरेको देखिएको छ।

वीरगंज जेसीजका वर्तमान अध्यक्ष अजय चौधरीको नागरिकताविरुद्ध वीरगंज जेसीजका सन् २०१७ का अध्यक्ष मनीष श्रेष्ठले नेपाल जेसीजमा यही मङ्सिर ६ गते उजूरी गरेका थिए।

सो उजूरी सम्बन्धमा नेपाल जेसीजले राष्ट्रिय उपाध्यक्ष अनुप सुनवारलाई १० दिनभित्र सुझावसहितको प्रतिवेदन पेश गर्न जिम्मेवारी तोकेको थियो । सुनवारको संयोजकत्वमा छानबीन समिति गठन भएको निजलाई १० दिनको समयसीमा तोकिएको भन्दै नेपाल जेसीजको अर्को आदेश नहुन्जेलसम्म वीरगंज जेसीजलाई शाखामा कुनै पनि प्रकारको गतिविधि नगर्न/नगराउनका लागि पत्राचार गरेको थियो ।

नेपाल जेसीजका राष्ट्रिय महासचिव सरोज अधिकारीले मङ्सिर ७ गतेका दिन जारी गरेको निर्देशनको वीरगंज जेसीजले बेवास्ता गर्दै हिजो शनिवार साधारणसभा गरेको थियो । वर्तमान अध्यक्ष चौधरीले २०५८/१० २६ मा जिल्ला प्रशासन कार्यालय, पर्साबाट लिएको नागरिकतामा उनको जन्म मिति २०३९/१०/२९ गते लेखिएको छ। नेपाल जेसीजको विधानमा ४० वर्ष उमेर पुगेका व्यक्ति कार्यकारी पदमा निर्वाचन लड्न नपाउने व्यवस्था छ। उनी सन् २०२४ को लागि निर्वाचित हुँदा नै ४० वर्ष उमेर नाघिसकेका थिए । यससम्बन्धी प्रमाण अहिले फेला परेपछि पूर्वअध्यक्ष श्रेष्ठले उनीविरुद्ध नेपाल जेसीजमा लिखित उजूरी गरेका हुन्।

वीरगंज जेसीजका वर्तमान अध्यक्ष चौधरीले आफूलाई नेपाल जेसीजका महासचिव अधिकारीले जारी गरेको पत्र प्राप्त नभएको प्रतीकलाई बताए। अध्यक्ष चौधरीले आफूलाई विद्युतीय माध्यम अथवा अन्य कुनै अन्य माध्यमबाट पनि पत्र प्राप्त नभएको बताए। अरूको नाममा जारी भएको र बोधार्थ पनि आफ्नो नाममा नरहेको पत्र वीरगंज जेसीजको गेटमा टाँस भएको र सो कार्यमा संलग्नविरुद्ध आफू अदालत जाने बताए ।

## जग्गा वितरणमा पक्षपातको आरोप

प्रस, परवानीपुर, ९ मङ्सिर/

पञ्चवर्षीय गढीमाई मेलामा राँगाको ठेक्का र जग्गा वितरणको विषय विवादित रहँदै आएको छ । राँगा र जग्गाबाट मनग्य आम्दानी हुने हुँदा अहिलेसम्मको मेलामा यो विषय विवादरहित बन्नै सकेको छैन ।

यसपटक अहिलेसम्म राँगाको विषय विवादित हुन सकेको छैन तर जग्गाको विषय भने पहिलेभन्दा बढी विवादित बन्दैछ। अहिलेसम्म मेला समितिले गठन गरेको जग्गा वितरण उपसमितिले आफन्त र नजीकका व्यापारीहरूलाई राम्रो जग्गा प्रदान गरेको व्यवसायीहरूले आरोप लगाएका छन् ।


जग्गा भाडामा लिनको लागि लामबद्ध व्यापारीहरू । तस्वीरः प्रतीक

उपसमितिले जग्गाका लागि निवेदन माग गरेको तर सोअनुरूप भने जग्गा वितरण नगरेको एकजना व्यवसायीले आरोप लगाए । उनले जग्गा वितरण फरक ढङ्गबाट गरिएको बताए। पहिले हात, फिटको आधारमा जग्गाको शुल्क निर्धारण हुने गरेकामा अहिले उपसमितिका जिम्मेवार मानिसहरूबाट जग्गासँगै टेन्ट र सामान पनि आफूले भनेको व्यापारीसँग खरीद गर्नुपर्ने अघोषित शर्त राख्ने गरेको आरोप लगाएका छन् ।

शर्त मान्नेहरूलाई पनि अनुकूल स्थानमा व्यापार गर्ने वातावरण नरहेको र आफन्त, नजीककालाई प्राथमिकता दिने कार्य भइरहेको ती व्यापारीले आरोप लगाएका छन् ।

## साना परवीन र रिया साह सम्मानित

प्रस, वीरगंज, ९ मङ्सिर/

नेपाली महिला क्रिकेट टोलीलाई यू–१९ विश्वकप क्रिकेटसम्मको यात्रामा पुऱ्याउन योगदान दिएकी वीरगंजकी महिला क्रिकेट खेलाडी साना परवीन र एसइई–२०८० मा पर्सा जिल्ला प्रथम भएकी रिया साहलाई वीरगंज महानगरपालिकाले आइतवार सम्मानित गरेको छ ।


साना परवीन र रिया साहलाई सम्मानित गर्दै नगरप्रमुख सिंह (बीचमा) र उपप्रमुख आलम (दायाँ) ।

नेपाली यू–१९ महिला क्रिकेट टोलीकी सदस्य परवीनलाई नगद ५१ हजार रुपैयाँ र छात्रा साहलाई उच्च शिक्षा अध्ययनमा थप हौसला प्रदान गर्न ल्यापटपसहित नगरप्रमुख राजेशमान सिंह, उपप्रमुख इम्तियाज आलमले आज सम्मानित गरेका थिए ।

महिला क्रिकेटर परवीनले भर्खरै सम्पन्न यू–१९ टी–२० एशिया क्वालिफायरमा थाइल्यान्डविरुद्धको खेलमा अर्धशतक प्रहार गर्दै नेपालको लागि कीर्तिमानी साझेदारी गरेकी थिइन्। उनी नेपालकी ओपनर ब्याट्सम्यान पनि हुन् ।

यसैगरी, २०८० सालको माध्यमिक शिक्षा परीक्षा (एसइई) मा ३.९७ जिपिए ल्याएर साह जिल्लामा सर्वोत्कृष्ट छात्रा घोषित भएकी थिइन् । साहले शुरूमा ३.९५ ल्याएर जिल्लामा दोस्रो भएकी थिइन् तर उनले परीक्षा बोर्डमा पुनर्परीक्षण गराउँदा दुई अङ्क बढेपछि जिल्लामा उत्कृष्ट भएकी हुन् ।

नगरप्रमुख सिंहले क्रिकेटको माध्यमबाट वीरगंज र नेपालको नाम विश्वमैं चिनाउन सफल भएको भन्दै परवीन र परीक्षामा पर्सा जिल्लामैं प्रथम भएर शिक्षामा छोरीहरू पनि अघि छन् भनेर अनुकरणीय उदाहरण बनेकी साहलाई बधाई दिएका थिए । उनले छोरीहरूको आत्मबल बढाउन महानगरले कुनै कसर बाँकी नराख्ने भन्दै छोरीहरूले पनि केही गर्न सक्छन् भनी दुवैजना उदाहरण बनेको भन्दै आगामी दिनमा अझै मेहनत गरेर वीरगंजको नाम अझ उचाइमा पुऱ्याउन शुभकामना दिए ।

उपप्रमुख आलमले वीरगंजलाई चिनाउन आफ्नो क्षेत्रबाट कम्मर कसेर लागेकाहरूको प्रोत्साहनमा महानगरको साथ र सहयोग रहने बताए। उनले यस अघि पुरुषतर्फको क्रिकेटमा उत्कृष्ट प्रदर्शन गरेका आरिफ शेख र आसिफ शेखलाई पनि महानगरले सम्मान गरेको भन्दै आगामी दिनमा महानगरको नाम देश र विदेशमा फैलाउने सबै विधाका महानुभावहरूलाई महानगरले सम्मान गर्ने बताए ।

वीरगंज महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले सबैको सकारात्मक पहलबाटै समाज परिवर्तन हुने भएकोले छोरीहरूलाई पढ्न र खेल्न घरैबाट उत्साह प्रदान गरिनुपर्ने बताए ।

कार्यक्रममा नेपाल क्रिकेट सङ्घ पर्साका अध्यक्ष मनीष सिंहले क्रिकेटको विकासमा सबैको सहयोग आवश्यक हुने बताए ।

## ज्यान मुद्दामा अनुसन्धानको माग गर्दै रामनगरीमा चक्काजाम

प्रस, परवानीपुर, ९ मङ्सिर/

पर्सा जिल्ला बहुदरमाई नगरपालिका–८ मा आइतवार बिहान पर्सा प्रहरीविरुद्ध स्थानीयले प्रदर्शन गर्दै चक्काजाम गरेका छन् ।

वीरगंज–ठोरी हुलाकी राजमार्गमा पर्ने रामनगरी चोकदेखि तीन मिटर पूर्वमा आज बिहान ७ देखि १० बजेसम्म स्थानीयहरूले प्रदर्शनसहित चक्काजाम गरेका थिए । गत असोज १६ गते साँझ साढे ७ बजे मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएर मृत्यु भएका एकबाल चौधरीको घटनालाई लिएर पीडित परिवारका सदस्यहरू र गाउँलेहरूले चक्काजाम गरी प्रदर्शन गरेका हुन् ।

सवारी दुर्घटनाको मुद्दामा पर्सा प्रहरीले प्रभावकारी अनुसन्धान नगरी कारबाही अघि बढाएको भन्दै विरोधस्वरूप चक्काजाम गरेको मृतकका दाइ नृसिंह चौधरीले बताए। उनले ठक्कर दिने मोटरसाइकल चालकले घाइते भाइलाई रातभरि सडकपेटीमैं छोडेर मर्न दिएको घटनामा प्रहरीले अनुसन्धान नगरेको आरोप लगाए। उनले रामनगरी गाउँकै चारजना चढेको मोटरसाइकलले चौधरीलाई ठक्कर दिएको र सडक किनारको झाडीमा छोडेर भागेको घटनामा भोलिपल्ट घटनास्थलबाट मोटरसाइकलको नम्बर प्लेट फेला परेपछि चारजना युवक चढेको मोटरसाइकल पत्ता लागेको र इलाका प्रहरी कार्यालय, पोखरियाले अभियुक्तहरूलाई घरबाटै नियन्त्रणमा लिएको बताए ।


रामनगरी चोकमा प्रदर्शन र जामपछिको दृश्य । तस्वीरः प्रतीक

मोटरसाइकल चालक निरञ्जन चौधरी, पछाडि बस्ने सर्वजीत पटेल, जीतेन्द्र पटेल, फूलचन साह अहिले पनि प्रहरी नियन्त्रणमा छन्। स्थानीय राकेश यादवले चालकमाथि कर्तव्य ज्यान र अन्य तीनजनामाथि अभद्र व्यवहारको मुद्दा चलाउन खोजेपछि सोविरुद्धमा आज चक्काजाम भएको बताए ।

यस विषयमा आज दिउँसो प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको कक्षमा सर्वपक्षीय बैठक बसेको र मोटरसाइकल चालकलाई कर्तव्य ज्यान मुद्दा लगाउने तथा तीनजनाबाट मृतक परिवारलाई राहत दिलाउने सहमति भएको यादवले बताए ।

## आँखा उपचार शिविर सम्पन्न

प्रस, पोखरिया, ९ मङसिर/

तिलगङ्गा सामुदायिक आँखा केन्द्र, निचुटा तथा हेटौंडा सामुदायिक आँखा अस्पतालका प्राविधिक टोली र पटेर्वासुगौली गाउँपालिकाको आर्थिक सहयोगमा तीन दिने निश्शुल्क आँखा शिविर आइतवार सम्पन्न भएको छ ।

शिविरमा मोतीबिन्दु भएका २३० जना बिरामीको निश्शुल्क शल्यक्रिया गरेको गापा अध्यक्ष दिनेश चौधरीले

## जिप्रका पर्साले भाडाका सटरहरू खाली गराउँदै

प्रस, वीरगंज, ९ मङ्सिर/

जिल्ला प्रशासन कार्यालय, पर्साले भाडामा लगाइएको पाँचवटा सटर खाली गराउन आइतवार सूचना जारी गरेको छ। सहायक प्रजिअ सुमन कार्कीले आज सूचना जारी गर्दै पाँचवटा सटर भाडामा लिएकाहरूलाई सम्झौता अनुसार ३५ दिनभित्र खाली गर्न सूचित गरेका छन्।

मङ्सिर ७ गतेको निर्णय अनुसार कार्यालयको प्राङ्गणमा रहेका पाँचवटा सटर खाली गराउन लागेको उनले बताए। कार्यालयमा सेवाग्राहीहरूको अत्यधिक चाप रहने गरेको र नागरिकलाई निर्बाध तथा सरलीकृत सेवा

(बाँकी अन्तिम पातामा)



## विचारसार र सूक्तिहरू

ज्ञान सित्तै पाइँदैन । ध्यानपूर्वक बुझ्नु पनि पर्छ ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# कार्यालय प्रमुख र घूस

**जलेश्वर –२ स्थित जिल्ला प्रशासन कार्यालय, महोत्तरीका नायब सुब्बा घूसको रकमसहित अख्तियारको फन्दामा परेका छन् । सवारी ज्यान मुद्दामा मृतकको हकदारले पाउनुपर्ने किरिया खर्चबापतको रकम उपलब्धताका लागि पीडित पक्षबाट लिएको रु २० हजार घूससहित जिल्ला प्रशासनका नासुलाई अख्तियारले पक्राउ गरेको हो। घूस रकम नदिएकै कारण किरिया खर्च पाउनुपर्ने रकम नासुले एक महीनादेखि रोकेका थिए । पाउनुपर्ने रकम विनाकारण रोकिएपछि पीडित पक्ष अख्तियारमा पुगेको थियो ।**

**अधिकांश सेवाप्रदायक कार्यालयहरूमा घूस चलिरहेको छ। त्यो रकम कार्यालयका तल्लो तह अर्थात् कार्यालय सहयोगीदेखि उपल्लो तह हाकिमसम्म प्रतिशतको आधारमा दामासाहीले भाग लगाएर खान्छन्, सबैलाई थाहा छ। एउटा कार्यालय सुधार्न त्यहाँको कार्यालय प्रमुख एकैजना काफी छन्। एकजना प्रहरी प्रमुख सही सत्य हुँदा जिल्लाको अपराध नियन्त्रण हुन्छ भने एउटा कार्यालय प्रमुख सही सत्य रह्यो भने एउटा कार्यालय सुधार्नु ठूलो कुरा होइन। हरेक कार्यालयमा नयाँ हाकिम सरुवा भई आएपछि दुई/चार दिन कार्यालयको सेवा प्रणाली निकै चुस्त दुरुस्त पाइन्छ । हाकिम पुरानो हुँदै जाँदा सेवाप्रवाहको ताल फेरि उही पुरानो लयमा फर्कन्छ । हाकिम पुरानो हुँदै जाँदा बिचौलियाहरूसँग चिनजान हुँदै जाने, घूसको दैनिक अनुपात थाहा हुने र कुन फाँटबाट कति घूस लिने भन्नेबारे सेटिङ मिलिसक्ने हुँदा पुरानै लयमा फर्किन्छ। कार्यालयका हाकिम कुनै कुरामा चुक्यो र सोबारे कार्यालयका अन्य कर्मचारीहरूले थाहा पाएमा कर्मचारीहरूले हाकिमलाई हेप्न थाल्छन् र सेवाप्रवाह पुरानै लयमा फर्कन्छ । कार्यालय प्रमुखमा कपट नहुने हो भने सेवाग्राही अख्तियारमा पुग्नै पर्दैन। सेवाप्रदायक कार्यालय वा त्यहाँका अधिकारी यान्त्रिक बन्नुहुँदैन । सेवाग्राहीले कानून अनुसारको प्रमाण पुर्‍याएका छैनन् भने कानूनी सल्लाह र प्रक्रियासमेत बताएर सहजीकरण गरिदिनु कार्यालयको कर्तव्य हो। यो पुगेन, त्यो पुगेन बहाना गर्दै पटकपटक फिर्ता गर्नुले कर्मचारीको नियत स्पष्ट हुन्छ । यो अवस्थमा कर्मचारी गलत भएपनि कार्यालय प्रमुख सही छ भने मातहतका अधिकारी वा कर्मचारी जवाफ दिन बाध्य हुनेछन् । अतः मुलुकका अधिकांश सेवाप्रदायक कार्यालयमा घूस असुल भइरहेको छ भन्ने थाहा छ तर मृत्युशोकको बेला उपलब्ध गराइनुपर्ने किरिया खर्चमा समेत घूस ? यस घटनाले लाज पनि लजाउने अवस्था आएको छ ।**

**एकजना नायब सुब्बा मात्रै होइन, त्यहाँका कार्यालय प्रमुखलाई पनि कारबाईको दायरामा ल्याइनुपर्छ। एक महीनासम्म किरिया खर्च रकम विनाकारण रोखेर बस्दा कार्यालय प्रमुखलाई किन जानकारी भएन। आफ्नै मातहतको कुरा थाहा नपाउने प्रमुखले ‘कार्यसम्पादनमा पारदर्शिता’को सिद्धान्त कसरी लागू गर्न सामर्थ्य राख्छ ? पीडित पक्ष अख्तियारमा पुगेको हुँदा कुरा बाहिर आयो। अधिकांश सेवाग्राही अख्तियारसम्म पुग्न सक्दैनन्, कतिपयलाई समय र अर्थ त कतिपयलाई अरू नै समस्याले अख्तियारसम्म पुग्न दिंदैन। २० हजार मध्यम निम्न आयस्तरकका सेवाग्राहीका लागि ठूलो रकम हो । दुई/चार हजार रुपैयाँ घूसलाई सेवाग्राहीले नै सममान्य ठानिसकेकाले यस्ता कुरा बाहिर आउँदैनन् । घूस दिनु पनि अपराध हो । साना रकम घूस खाँदै र दिंदै जाँदा ठूलो घुस्याहा बन्ने हो । यसर्थ सेवाग्राही र सम्बन्धित कार्यालयका प्रमुख घूसको विरुद्ध भइदिने हो भने सेवा दिने कर्मचारी यत्तिकै लाइनमा आउनेछन्।**

# महिला–पुरुषको संयुक्त सरोकारविना विकास असम्भव


शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**के आवश्यक छ भने विकासका सबै क्षेत्रमा महिलाहरूको सफलता र स्थिरता सुनिश्चित गर्नको लागि लिङ्गसम्बन्धी विचारहरूलाई सचेत भई नियमित सामेल गरियोस् किनभने महिलाहरूको शक्तीकरणले सुखी परिवार, राम्रो समाज र अन्ततः सबल राष्ट्रको विकास हुन्छ ।**

“महिला–पुरुषको समान सरोकार सामेल नभएसम्म विकास सम्भव छैन” भन्ने कुराले लैङ्गिक समानता र सबै लिङ्गको समावेशितामा महत्त्वपूर्ण भूमिकालाई रेखाङ्कित गर्दछ, जुन विकासको लागि आवश्यक हुन्छ। यो वाक्यांश केको द्योतक हो भने जुन विकासमा लैङ्गिक दृष्टिकोणमाथि विचार गरिंदैंन त्यसमा हानि हुने जोखिम हुन्छ । विकासमा लिङ्गको महत्त्व बहुआयामिक हुन्छ, जसले आर्थिक विकास, सामाजिक प्रगति, पर्यावरणीय स्थिरता र समग्र मानव कल्याणलाई प्रभावित गर्दछ ।

लिङ्ग आधारित विकासको अर्थ भनेको विकास नीति, नियोजन, कार्यान्वयन र मूल्याङ्कनसम्बन्धी सबै पक्षमा लिङ्गसम्बन्धी दृष्टिकोण तथा विचार सामेल गर्नुसँग सम्बन्धित छ । सामाजिक मान्यता के छ भने आ–आफ्नो बेग्ला–बेग्लै भूमिका, जिम्मेदारी र अवरोधका कारण पुरुष र महिलाहरू विकासको अनुभव बेग्लाबेग्लै तरीकाले गर्छन्। यस अवधारणाको उद्देश्य लैङ्गिक असमानता हटाउन र समानतालाई बढावा दिनु रहेको छ।

विगतमा विकास नीति र कार्यक्रम लिङ्ग–भेदको आधारमा बनाइन्थ्यो र लिङ्ग विशिष्ट आवश्यकतालाई ध्यान नदिइकन समरूप जनसङ्ख्याको कल्पना गरिन्थ्यो। यसबाट महिलाहरूलाई छेउ लगाएर काम गरियो र विद्यमान असमानता कायमै रह्यो। २० औं शताब्दीको उत्तरार्द्धमा नारीवादी आन्दोलन र महिलाहरूको अधिकारले लिङ्ग संवेदनशील विकासको आवश्यकतातर्फ महत्त्वपूर्ण ध्यान आकर्षित भयो। यसको लागि विभिन्न देशहरूमा बेग्लाबेग्लै कार्यक्रम सञ्चालन गरियो । उदाहरणका लागि नेपाल र भारतमा ‘छोरी बचाऊ, छोरी पढाऊ” अभियान सञ्चालन गरियो । त्यहीं भारतमा उज्ज्वला योजना अन्तर्गत गरीबीको रेखामुनि रहेका महिलाहरूलाई निशुल्क एलपिजी कनेक्शन उपलब्ध गराइयो भने महिलाहरूले उत्पादन गरेका उत्पादको बिक्रीका लागि ‘ई–हाट’ अनलाइन कार्यक्रम लागू गरियो।

महिलाहरूको आर्थिक सशक्तीकरण, लैङ्गिक विकासको एउटा महत्त्वपूर्ण भाग हो । यसमा महिलाहरूलाई आर्थिक संसाधन र अवसरहरू, जस्तै–जागीर, वित्तीय सेवा र सम्पत्तिमा अधिकारसम्म पहुँच बढाउनु सामेल छ । महिलाहरू आर्थिकरूपले सशक्त भएपछि यसको व्यापक प्रभाव परिवार, समुदाय र अर्थ व्यवस्थामा पर्दछ। अध्ययनले के देखाएको छ भने महिलाहरूले आय आर्जन गरेपछि आफ्नो सन्तानको शिक्षा र स्वास्थ्यमाथि बढी निवेश गर्छन्, जसबाट मानव पूँजी र आर्थिक विकासमा सुधार भएको छ।

तर पनि लैङ्गिक ‘ज्याला–अन्तर’ आज पनि एउटा ज्वलन्त मुद्दा हो, जसले आर्थिक विकासमा बाधा पुर्‍याउने गर्छ। समान कार्यका लागि पनि महिलाहरू पुरुषको तुलनामा कम कमाइ गर्छन् । यसबाट उनीहरूको आर्थिक क्षमता सीमित हुन पुग्छ र गरीबी जस्ताको त्यस्तै कायम रहन्छ। उदाहरणका लागि नेपालको निजी कम्पनी, शैक्षिक संस्थालगायत अन्य निजी क्षेत्रमा काम गर्ने महिलाहरूको वेतनलाई लिन सकिन्छ। वेतनको अन्तरलाई समाप्त गर्न यस्तो नीतिको खाँचो छ, जसले समान कामको लागि समान वेतनलाई बढावा देओस् । सँगसँगै कार्यशील जीवनको समर्थन गर्नुको साथै कार्यस्थलमा भेदभावपूर्ण प्रथालाई चुनौती दिन सकोस्। यस सन्दर्भमा नेपाल सरकारले पनि केही प्रयास गरेको देखिन्छ । जस्तै मातृत्व अवकाशको अवधि बढाइएको छ, त्यो पनि सवैतनिक।

शिक्षा हाम्रो मौलिक अधिकार र सामाजिक विकासको आधारशीला हो। शिक्षामा लैङ्गिक असमानताले, खासगरी विकासशील देशको, प्रगतिमा बाधा पुर्‍याउँछ। लिङ्ग आधारित विकासले केटी र केटाहरूलाई शिक्षामा समान पहुँचलाई बढावा दिन्छ। यसले बाल विवाह, लिङ्ग आधारित हिंसा र केटीहरूको शिक्षाको अवमूल्यन गर्ने सामाजिक–सांस्कृतिक मापदण्डजस्ता बाधा हटाउँछ । स्वस्थ परिवार र सामाजिक प्रगतिमा शिक्षित महिलाहरूको उच्च योगदान हुन्छ। अहिले केटीहरूको पहुँच जसरी शिक्षामा बढिरहेको छ, यो एउटा शुभ सङ्केत हो।

स्वास्थ्य परिणाममा लिङ्गको महत्त्वपूर्ण भूमिका हुन्छ । महिला र पुरुषहरूको स्वास्थ्यसम्बन्धी आवश्यकता बेग्लाबेग्लै हुन्छ । उनीहरूलाई विभिन्न स्वास्थ्य जोखिमहरूको सामना गर्नुपर्छ। लिङ्ग आधारित विकासमा के सुनिश्चित गर्नु सामेल हुन्छ भने स्वास्थ्य प्रणाली यस अन्तरप्रति संवेदनशील होस्। यसमा मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा प्रदान गर्नु, लिङ्ग आधारित हिंसाबाट जोगाउनु र महिला स्वास्थ्य मुद्दाहरूलाई बढावा दिनु सामेल हुन्छ। लिङ्ग संवेदनशील स्वास्थ्य नीतिहरूले गुणस्तरीय स्वास्थ्य परिणाम र समग्र विकासमा योगदान दिन्छ ।

समावेशी र लोकतान्त्रिक विकासको लागि राजनीतिक भागीदारी आवश्यक छ। राजनीतिक निर्णय लिने प्रक्रियामा महिलाहरूको अल्प प्रतिनिधित्वले उनीहरूको जीवनलाई प्रभावित गर्ने क्षमता सीमित गर्दछ । लिङ्ग आधारित विकास लैङ्गिक कोटा, क्षमता निर्माण कार्यक्रम र महिला अधिकारलाई समर्थन जस्ता उपायहरूको माध्यमले महिलाहरूको राजनीतिक पहुँचलाई बढावा दिन्छ। महिलाहरूको बढ्दो राजनीतिक भागीदारीले समावेशी र न्यायसङ्गत शासन सुनिश्चित हुन्छ । संसद्मा महिलाहरूका लागि एकतिहाई सीट आरक्षण अनिवार्य गरिएको छ। यसबाट भुईंसतहमा महिलाहरूको प्रतिनिधित्व राजनीतिमा बढेको छ तर व्यवहारमा यो हालसम्म पूर्णरूपले लागू भएको देखिंदैन ।

जलवायु परिवर्तनले महिलाहरूलाई असमानरूपले प्रभावित गर्दछ। खासगरी हाम्रोजस्तो विकासशील देशमा जहाँ उनीहरू प्रायः पानी र खाद्य सुरक्षाको लागि जिम्मेवार हुन्छन्; विकासमा यस्ता कमजोरीहरूलाई चिन्नु र त्यसको समाधान गर्नु सामेल रहेको छ । महिलाहरूलाई जलवायु परिवर्तनको असरबाट टाढा राख्ने रणनीतिहरूमा सामेल गर्नुपर्छ जसबाट उनीहरूको समस्याको स्थायी समाधानमा उनीहरूको ज्ञान र सीपको लाभ उठाउन सकियोस्। लिङ्ग संवेदनशीलताले जलवायु नीतिको लचिलोपनलाई बढाउन सक्छ र के सुनिश्चित गर्न सक्छ भने पर्यावरणीय समस्याका कारण विकाससम्बन्धी लाभ प्रभावित नहोस् ।

नेपालको कृषिमा महिलाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् । लिङ्ग आधारित विकासले महिलाहरूलाई भूमि, ऋण र प्रविधिसम्म पुग्न सहयोग गर्दछ जसबाट उनीहरू कृषि उत्पादकत्व तथा खाद्य सुरक्षामा सुधार ल्याउन सक्छन् । यसले कृषि कर्ममा लागेका महिला किसानलाई सशक्त बनाउन र स्थायी कृषि पद्धति एवं ग्रामीण विकासमा योगदान प्राप्त हुन्छ ।

शहरीकरणको सामाजिक–सांस्कृतिक मापदण्डले प्रायः लैङ्गिक असमानतालाई बनाइराख्ने काम गर्छ। यस्तो मापदण्डले लैङ्गिक भूमिकालाई निर्धारण गर्छ । महिलाहरूको अवसर तथा निर्णय लिने शक्तिलाई सीमित गर्छ। लिङ्ग आधारित विकासको लागि शिक्षा एवं सामुदायिक सहभागिताको माध्यमले यस्ता मापदण्डहरूलाई चुनौती दिनु र परिवर्तन गर्नु आवश्यक हुन्छ ।

लिङ्ग आधारित विकासले के सुनिश्चित गर्छ भने पुरुष र महिला दुवै विकास प्रक्रियाबाट लाभान्वित होऊन् र यसमा आआफ्नो योगदान देऊन् । लैङ्गिक असमानतालाई समाप्त गरेर तथा समानतालाई बढावा दिएर समाजको आर्थिक विकास, सामाजिक प्रगति एवं पर्यावरणीय स्थिरता हासिल गर्न सकिन्छ। विकासमा लैङ्गिक दृष्टिकोणको एकीकरण मात्र न्यायको मामिला नभई प्रभावी र स्थायी विकास परिणामको लागिसमेत एउटा पूर्वाधार हो । लिङ्ग आधारित विकासबेगर मानव कल्याण र समृद्धिको प्रयास अधूरो हुन्छ तथा विफलताप्रति संवेदनशील रहन्छ। यस कारण के आवश्यक छ भने विकासका सबै क्षेत्रमा उनीहरूको सफलता र स्थिरता सुनिश्चित गर्नको लागि लिङ्गसम्बन्धी विचारहरूलाई सचेत भई नियमित सामेल गरियोस् किनभने महिलाहरूको शक्तीकरणले सुखी परिवार, राम्रो समाज र अन्ततः सबल राष्ट्रको विकास हुन्छ ।

# मृत्युपश्चात् मानव अङ्गदान गर्ने परिवारलाई रु दुई लाख

काठमाडौं, ९ मङ्सिर/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मृत्युपश्चात् मानव अङ्ग दान गर्ने परिवारलाई रु दुई लाख दिने निर्णय गरेको छ ।

यस अघि भक्तपुरस्थित मानव अङ्ग प्रत्यारोपण केन्द्रमार्फत रु एक लाख दिने गरिएकामा स्वास्थ्यमन्त्री प्रदीप पौडेलले दाताका परिवारलाई रु एक लाख थप गरी रु दुई लाख उपलब्ध गराउने निर्णय गरेका हुन् ।

अङ्गदानमा सघाउने अस्पताललाई यस अघि दिने गरिएको रु ५० हजारमा मन्त्रालयले रु २५ हजार थप गरेर रु ७५ हजार पुर्‍याएको छ । उक्त निर्णय कार्यान्वयनमा अर्थ मन्त्रालयले आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नेगरी सहमति दिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

स्वास्थ्यमन्त्री पौडेल स्वयंले पनि यस अघि मृत्युपश्चात् अङ्गदान गर्ने घोषणा गरिसकेका छन् । देशभर हरेक वर्ष मिर्गौला प्राप्तिका लागि एक हजार र कलेजो प्राप्तिका लागि ५५ जनाले मानव अङ्ग प्रत्यारोपण केन्द्रमा नाम लेखाउने गरेको केन्द्रले जनाएको छ ।

विद्यमान कानूनी व्यवस्था अनुसार जीवित रगतको नाता पर्नेबाहेकले अङ्गदान गर्न पाउँदैनन्। मृत्युपश्चात् भने अङ्गदान गर्न पाउने व्यवस्था छ । मृत्यु भएको २४ घण्टाभित्र दिन सकिने अङ्ग अरू जीवित व्यक्तिलाई प्रत्यारोपण गर्न सकिन्छ ।

हाल भक्तपुरको शहीद धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्रले देशमा बर्सेनि दुई सय मिर्गौला तथा २० जनाको कलेजो प्रत्यारोपण गर्दै आएको छ । यो कुल अङ्ग प्रत्यारोपणको झन्डै ७० प्रतिशत हो। वीर अस्पताल, त्रिवि शिक्षण अस्पतालसँगै केही निजी अस्पतालले समेत अङ्ग प्रत्यारोपण गर्दै आइरहेका छन् ।

मानव अङ्ग प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठले स्वास्थ्यमन्त्री पौडेलको यो निर्णय सकारात्मक भएको बताए। “एक वर्षमा हजारौं मानवको मस्तिष्क मृत्यु हुन्छ । एकजनाबाट आठवटा अङ्ग प्राप्त हुन्छ । जनचेतनाको अभाव, अस्पतालसम्मको पहुँच नहुनुलगायत विभिन्न कारणले दान दिने परिवार कम छन्। अङ्गदानले कसैको ज्यान बच्नुका साथै आर्थिक सहायता पनि हुन्छ,” उनले भने ।

केन्द्रका अनुसार हालसम्म पाँचजना मस्तिष्क मृत्यु भएकाबाट १० वटा मिर्गौला र तीनवटा कलेजो प्रत्यारोपण गरिएको छ । यथाशीघ्र मुटु र फोक्सो प्रत्यारोपणको पनि तयारी भइरहेको डा श्रेष्ठले जानकारी दिए। उनका अनुसार हाल एक हजार बढी मिर्गौला तथा ५५ जना कलेजोका दाता प्राप्तिको प्रतीक्षामा छन् ।

सरकारले मानव अङ्ग प्रत्यारोपण नियमावली, २०७३ जारी गरी मस्तिष्क मृत्यु (ब्रेन डेथ) भएका व्यक्तिको अङ्ग झिकी जीवित व्यक्तिमा प्रत्यारोपण गर्न सक्ने व्यवस्था गरेको छ ।

# प्रहरी विधेयक मन्त्रिपरिषद्मा पेश

काठमाडौं, ९ मङ्सिर/रासस

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक आइतवार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको छ ।

गृह मन्त्रालयले प्रहरी र सशस्त्र प्रहरी बलसम्बन्धी कानूनलाई संशोधन गर्न अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र लोकसेवा आयोगको सहमतिपछि प्रहरी विधेयक मन्त्रिपरिषद्मा पेश गरेको हो ।

प्रहरी ऐन–२०१२ मा व्यवस्था भएका कानूनी प्रावधानलाई समयसापेक्ष परिमार्जन एवं संशोधन गरी नयाँ प्रहरी ऐन तर्जुमा गर्न तथा सर्वोच्च अदालतबाट प्रहरी कर्मचारीको सेवा शर्त सम्बन्धमा विभिन्न समयमा भएका फैसला कार्यान्वयन गर्नुका साथै प्रहरी सेवालाई नेपालको संविधान तथा प्रचलित कानून, लोकतन्त्र र कानूनी शासन र मानव अधिकारप्रति प्रतिबद्ध, लैङ्गिक संवेदनशील, जवाफदेही, उत्तरदायी, प्रभावकारी तथा व्यावसायिक बनाउन विधेयक स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गरिएको गृह मन्त्रालय कानून महाशाखाका प्रमुख सहसचिव भरतमणि रिजालले जानकारी दिए ।

सार्वजनिक शान्ति प्रवर्द्धन, अपराध रोकथाम तथा नियन्त्रण गरी शान्तिसुरक्षा एवं सुव्यवस्था कायम गर्न र अपराधको अनुसन्धान गर्न नेपाल प्रहरी सेवाको गठन, सञ्चालन तथा सेवाको शर्तसम्बन्धी कानूनी व्यवस्थालाई संशोधन तथा एकीकरण गर्न आवश्यक रहेकाले विधेयक सङ्घीय संसद्मा प्रस्तुत गर्न स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गरिएको कानून महाशाखाका प्रमुख रिजालले बताए ।

त्यसैगरी, सशस्त्र प्रहरी ऐन, २०५८ मा व्यवस्था भएका कानूनी प्रावधानलाई

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# समपूरक र विशेष अनुदान कार्यविधि संशोधन गरिँदै

काठमाडौं, ९ मङ्सिर/रासस

राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक)को ५३औं बैठकले समपूरक र विशेष अनुदानसम्बन्धी मौजुदा कार्यविधि संशोधनका लागि मस्यौदा तयार पारी तीन महीनाभित्र मन्त्रिपरिषद्मा पेश गर्न निर्देशन दिएको छ।

अघिल्लो साता बसेको एनडेक बैठकले समपूरक अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ संशोधनका लागि मस्यौदा तयार पार्न राष्ट्रिय योजना आयोगलाई निर्देशन दिएको हो।

“स्थानीय तह एवं प्रदेशको वित्तीय क्षमता अनुसार समपूरक अनुदानमा लगानीको हिस्सा वित्तीय क्षमतामैत्री हुनेगरी र सामाजिक, आर्थिक समता अभिवृद्धिमा योगदान दिनेगरी समपूरक अनुदानसम्बन्धी मौजुदा कार्यविधिमा संशोधनको लागि तीन महीनाभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नुपर्नेछ,” एनडेकको निर्णयमा भनिएको छ।

विशेष अनुदान अन्तर्गत सञ्चालन भएका आयोजना/कार्यक्रमलाई सन्तुलित विकास गर्न, विभेदमा परेका वर्ग वा समुदायको उत्थान एवं विकासमा योगदान दिनेगरी मौजुदा कार्यविधिमा संशोधन गर्न भनिएको छ।

विद्यमान कार्यविधि अनुसार सङ्घीय समपूरक अनुदान पाउने योजना तथा कार्यक्रमका लागि कुल लागतको ५० प्रतिशत सम्बन्धित स्थानीय तह वा प्रदेशले बेहोर्नेछ भने ५० प्रतिशत रकम सङ्घीय सरकारले उपलब्ध गराउँछ।

आर्थिकरूपमा कमजोर तथा दुर्गमका स्थानीय तहले ५० प्रतिशत लागत बेहोर्न सक्ने क्षमता नहुँदा समस्या देखिएको राष्ट्रिय योजना आयोगका सहप्रवक्ता डा दिवाकर लुइँटेलले बताए।

“आधा लागत सम्बन्धित स्थानीय तह वा प्रदेशले बेहोर्नुपर्ने भएपछि उनीहरू आफ्नो स्रोत अभावमा योजना तथा कार्यक्रम प्रस्ताव गर्न नसक्ने अवस्थामा थिए। स्रोतको समन्यायिक वितरण गर्न पनि लागत साझेदारी घटाएर कम गर्ने वा राख्दै नराख्ने भन्नेबारे अध्ययन गरी कार्यविधिको मस्यौदा तयार पारेर मन्त्रिपरिषद्मा पेश हुनेछ,” उनले भने।

सङ्घीय समपूरक तथा विशेष अनुदानसम्बन्धी विद्यमान कार्यविधिको व्यवस्था अनुसार योजना आयोगले प्रत्येक वर्ष मङ्सिर मसान्तभित्र सूचना प्रकाशन गरी प्रदेश वा स्थानीय तहबाट आगामी आर्थिक वर्षका लागि समपूरक र विशेष अनुदानमा सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमको प्रस्ताव माग गरिसक्नुपर्छ।

त्यस्तै, सम्बन्धित प्रदेश र स्थानीय तहले पुस मसान्तभित्रमा यस्तो अनुदान लिनका लागि प्रस्ताव पेश गरिसक्नुपर्ने हुन्छ। कार्यविधि संशोधनका लागि एनडेकले तीन महीनाको समयावधि दिएको अवस्थामा विद्यमान व्यवस्था अनुसार प्रस्ताव माग हुन्छन् वा नयाँ व्यवस्था अनुसार माग हुन्छ भन्ने स्पष्ट नभएको आयोगका सहप्रवक्ता लुइँटेलले उल्लेख गरे। कार्यविधि चाँडो संशोधन गरेर त्यसपछि मात्रै योजना तथा कार्यक्रमको प्रस्ताव माग गर्न उपयुक्त हुने उनले धारणा राखे।

“कार्यविधि संशोधनका लागि काम शुरू भइसकेको छ। योजना तथा कार्यक्रमको प्रस्ताव माग गर्ने र सूचना निकाल्नु अघि कार्यविधि संशोधन भइसक्छ,” सहप्रवक्ता लुइँटेलले भने।

सङ्घीय सरकारले योजना आयोगको सिफारिशमा हरेक वर्ष समपूरक र विशेष अनुदान शीर्षकमा प्रदेश र स्थानीय तहलाई बजेट छुट्याउँछ। प्रदेश र स्थानीय तहको मागका आधारमा वित्तीय हस्तान्तरणको उपकरणका रूपमा यी अनुदान उपलब्ध गराइन्छ। यस्तो अनुदान लिन प्रस्ताव गरिएका योजना तथा कार्यक्रमले निश्चित प्रक्रिया पूरा गर्नुपर्छ।

आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर), वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए), लागत अनुमान, आयोजना सम्पन्न हुने अवधिलगायत विवरण अनिवार्यरूपमा प्रस्तावसँगै पेश गर्नुपर्ने आयोगले जनाएको छ। सम्बन्धित पालिकाको कार्यपालिकाबाट स्वीकृत गराएर मात्रै ती योजना तथा कार्यक्रमका लागि बजेट माग गर्नुपर्ने व्यवस्था पनि कार्यविधिमा उल्लेख छ।

यस्तो अनुदानबाट खर्च बेहोर्ने योजना तथा कार्यक्रम तीन वर्षभित्र सम्पन्न गरिसक्नुपर्ने हुन्छ। तीन वर्षभन्दा बढी समय लाग्ने बहुवर्षे आयोजनाका लागि यो शीर्षक अन्तर्गत बजेट जाँदैन। प्रदेश सरकार र स्थानीय तहले यी शीर्षकमा अनुदान पाउने र खर्च गर्न पाउने रकमको सीमा पनि तोकिएको छ। समपूरक अनुदान दिनका लागि गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको कुल लागत अनुमान न्यूनतम रु एक करोडदेखि अधिकतम रु १० करोडसम्म रहेको छ।

उपमहानगर र महानगरपालिकाबाट कार्यान्वयन गरिने समपूरक अनुदानका कार्यक्रमको लागत न्यूनतम रु पाँच करोडदेखि अधिकतम रु २५ करोडसम्म रहेको छ। प्रदेश सरकारबाट कार्यान्वयन हुने समपूरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमका लागि कुल लागत अनुमान रु २० करोडदेखि रु एक अर्बसम्म हुनुपर्छ।

विशेष अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमका लागि भने प्रदेशको हकमा कम्तीमा रु १० करोड र स्थानीय तहको हकमा कम्तीमा रु ५० लाखदेखि बढीमा १० करोडसम्मको सीमा तोकिएको छ। क्षेत्रगतरूपमा पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाका लागि समपूरक अनुदान दिने गरिन्छ। विशेष अनुदानका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, समावेशीकरण तथा मूल प्रवाहीकरण, तहगत सन्तुलन, खाद्य सुरक्षा तथा पोषण, फोहरमैला व्यवस्थापन जस्ता क्षेत्रसँग सम्बन्धित आयोजना पर्छन्।



**कञ्चनजङ्घा हिमालको बेस क्याम्प जाने पदमार्गमा देखिएका नाउरः** ताप्लेजुङमा अवस्थित विश्वको तेस्रो अग्लो कञ्चनजङ्घा हिमालको आधार शिविर जाने पदमार्गमा देखिएका नाउर (वन भेंडा)। तस्बिरः दिलकुमार लिम्बू/रासस

# कोप-२९ को नतीजामा ‘एलडिसी’ समूहको असन्तुष्टि

प्रगति ढकाल
काठमाडौं, ९ मङ्सिर/रासस




अतिकम विकसित मुलुकहरूको समूह (एलडिसी)ले कोप-२९ उपलब्धिमूलक नरहेको र संवेदनशील मुलुकका लागि धोका भएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्। अजरबैजानको बाकुमा आइतवार सम्पन्न जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रहरूको २९औं शिखर सम्मेलन (कोप-२९)को नतीजा जलवायुजन्य सङ्कटको सामना गरिरहेका मुलुकका हितमा नरहेको उनीहरूको टिप्पणी छ।

शुक्रवार सम्पन्न हुने पूर्वनिर्धारित तालिका रहे पनि सहमति जुट्न नसक्दा दुई दिनपछि आज बिहान कोप सम्पन्न भएको छ। कोप सकिए पनि बाकु सम्झौताप्रति अहिले आलोचना बढिरहेको छ। धनी तथा कार्बन उत्सर्जक मुलुकहरूले जलवायु परिवर्तन न्यूनीकरणका लागि ठोस निर्णय लिन आनाकानी गरिरहेको भन्दै एलडिसी समूहले आपत्ति जनाएको हो।

जलवायु सङ्कटमा मुख्य जिम्मेवार रहेका देशहरूले फेरि एकपटक अतिकम विकसित देशहरूको अभियानलाई असफल बनाएको एलडिसीको टिप्पणी छ। “हामीले बाकु छाड्दै गर्दा न त महत्त्वाकाङ्क्षी जलवायुवित्त लक्ष्य तोकिएको छ, न त तापक्रम वृद्धिलाई एक दशमलव पाँच डिग्रीमा सीमित गर्ने ठोस योजना। न त अनुकूलनका उपाय, क्षति तथा नोक्सानीको क्षतिपूर्तिका लागि आवश्यक व्यापक सहयोगको विषयमा स्पष्ट नतीजा दिन सकेको देखियो,” एलडिसीका अध्यक्ष इभान्स न्जेवाले प्रेस विज्ञप्ति जारी गर्दै भनेका छन्, “यो असफलता मात्र होइन, विश्वासघात हो।”

पछिल्ला तीन वर्षको अथक प्रयास, अतिकम विकसित देशहरूले न्यायका लागि गरेको इमानदार प्रयास र समस्या समाधानका लागि गरेको मिहिनेतलाई बेवास्ता गरिएको उनको भनाइ छ। अध्यक्ष न्जेवाले शक्तिशाली राष्ट्रहरूले नेतृत्व, महत्त्वाकाङ्क्षा र जलवायु सङ्कटको अग्रपङ्क्तिमा रहेका अर्बौं मानिसको जीवनप्रति कुनै ध्यान नदिएको आरोप लगाए। “आज सम्पन्न भएको संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्मेलनले एक अर्बभन्दा बढी मानिसहरूको आवाजको उपेक्षा गरिएको छ,” उनले भने, “महत्त्वपूर्ण एजेन्डामा सहमति जुटाउन धेरै प्रयास गरेका थियौं, त्यो प्रयासका बावजूद हाम्रो अपीललाई बेवास्ता गरियो। यसले यस्ता वार्ताहरूको आधारभूत विश्वासलाई कमजोर बनाउँछ र विश्वव्यापी ऐक्यबद्धताको भावनाको मजाक बनाउँछ।”

नयाँ सामूहिक परिमाणात्मक लक्ष्य (एनसिक्युजी) पनि असफलताको स्पष्ट प्रतीक रहेको टिप्पणी गरिएको छ। “एनसिक्युजीमा हाम्रो महत्त्वाकाङ्क्षा अनुसारको सहमति भएन, यो तात्कालिक आवश्यकतासँग मेल खाँदैन। सबैभन्दा संवेदनशील क्षेत्रलाई उपेक्षा गरिएको छ। राष्ट्रिय निर्धारित योगदान (एलडिसी) र साना द्वीप राष्ट्रहरूको आवश्यकतालाई बेवास्ता गरिएको छ। क्षति र नोक्सानको बेवास्ताले एलडिसीमा पर्ने मुलुकहरूलाई जलवायुजन्य सङ्कटको पीडामा नै छोड्नेछ,” अध्यक्ष न्जेवाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

इभान्स न्जेवा अतिकम विकसित देशहरूको समूहका अध्यक्ष र मलावी सरकारको जलवायु परिवर्तन र युएनएफसिसिसीका सम्पर्कबिन्दु प्रमुखसमेत हुन्। एलडिसी समूहमा अफ्रिका, एशिया-प्रशान्त र

(बाँकी पाँचौं पातामा)

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाडौं, ९ मङ्सिर/रासस

यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ। आइतवार नेप्से परिसूचक १३ दशमलव शून्य तीन अङ्कले घटेर दुई हजार ६६७ दशमलव ४० को बिन्दुमा कायम भएको हो।

आज ३२२ कम्पनीका एक करोड ५२ लाख ७० हजार १९७ कित्ता शेयर ७६ हजार ४१८ पटक खरीद-बिक्री हुँदा रु सात अर्ब ७२ करोड ८८ लाख ६१ हजार २५० को कारोबार भएको छ।

लगानी समूह शून्य दशमलव शून्य आठ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ६८ प्रतिशतले बढेका छन् भने अरू सबै समूहका उपसूचक घटेका छन्। सबैभन्दा बढी विकास बैंक समूह एक दशमलव ६३ प्रतिशतले घटेको छ।

बैंकिङ शून्य दशमलव ५४, वित्त शून्य दशमलव ३७, होटल तथा पर्यटन शून्य दशमलव ४९ र जलविद्युत् समूह शून्य दशमलव ४१ प्रतिशतले घटेका छन्। त्यसैगरी, जीवन बीमा शून्य दशमलव ५५, लघुवित्त शून्य दशमलव ९४, म्युचुअल फन्ड शून्य दशमलव १२, निर्जीवन बीमा शून्य दशमलव १७, व्यापार शून्य दशमलव शून्य सात र अन्य समूह शून्य दशमलव ७१ प्रतिशतले घटेका छन्।

श्रीस्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्य आज सबैभन्दा बढी नौ दशमलव ९१ प्रतिशतले बढेको छ। सबैभन्दा बढी घट्नेमा भने सेन्चुरी डिभेन्चर २०८८ सात दशमलव ७५ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा बढी रु ६० करोड ८७ लाख ३६ हजार १५२ बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा ङादी पावर लिमिटेडको सात लाख २० हजार ८१३ कित्ता शेयर किनबेच भएका छन्।




**नहरमा हिउँदेबालीका लागि सिंचाइः** विसं २०२४ मा उद्घाटन गरिएको बाँकेको कोहलपुर नगरपालिका-१० चट्टार सिक्टा सिंचाइ आयोजनाको पश्चिम मूल नहरमा हिउँदे बालीका लागि छाडिएको सिंचाइ पानी। तस्बिरः रूपनी जिएम/रासस

# संस्थागत विद्यालय एक सातादेखि बन्द

महेन्द्रनगर (धनुषा), ९ मङ्सिर/रासस

बालबालिकाको भविष्यलाई बेवास्ता गर्दै संस्थागत विद्यालयका सञ्चालकहरूले आइतवार पनि पठनपाठन नगरी बन्दलाई निरन्तरता दिएका छन्। जनकपुरधाम उपमहानगरपालिकाको निर्देशनविपरीत आज नवौं दिन पनि संस्थागत विद्यालय बन्द भएका छन्।

शनिवार दुवै पक्षबीच भएको वार्तापछि संस्थागत विद्यालय आजदेखि सञ्चालन गर्न जनकपुरधाम उपमहानगरपालिकाले निर्देशन दिएको थियो। सो निर्देशनको पालना नगरेमा कारबाही गर्ने जनकपुरधाम उपमहानगरपालिकाले चेतावनीसमेत दिएको थियो। तर उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ (हिसान)ले विद्यालय खोल्न दिएको निर्देशनविरुद्ध पठनपाठन ठप्प पारेको छ।

संस्थागत विद्यालय बन्द नगर्न र विद्यार्थीको पढ्न पाउने अधिकार हनन नगर्न जनकपुरधाम उपमहानगरले संस्थागत विद्यालय सञ्चालकलाई आग्रह गरेको जनकपुरधाम उपमहानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत धीरेन्द्रलाल कर्णले बताए। आन्दोलन गर्न पाउनु अधिकारको कुरा भएपनि आन्दोलनका नाममा विद्यालय नै बन्द गरेर विद्यार्थीको भविष्यमाथि खेलबाड गर्न नहुने उनको भनाइ छ।

रजिस्ट्रेशन शुल्क र परीक्षा शुल्क मात्रै लिई विद्यार्थी पढाउन नसकिने बताउँदै हिसानले थप अन्य शीर्षकमा शुल्क लिन पाउनुपर्ने माग राख्दै आएको छ। विद्यालय सञ्चालन गराउन शिक्षण संस्था सम्बद्ध सङ्गठनसँग पटकपटक वार्ता गरिए पनि निष्कर्ष ननिस्केपछि बन्दलाई निरन्तरता दिएको संस्थाका धनुषा अध्यक्ष सञ्जीव ठाकुरले जानकारी दिए।

# छैटौं एशियाली जनसङ्ख्या सम्मेलन

# जनसङ्ख्या र विकासका सवाल

विचार



डा उद्धव सिग्देल

**अहिलेसम्म हामीले के सोचिरहेका छैनौं भने राज्यको कुल आयको एकदेखि तीन प्रतिशत मात्र सामाजिक सुरक्षामा खर्च गर्ने प्रचलन छ। अहिले हामी बजेटको १४ प्रतिशत खर्च गरिरहेका छौं। त्योभन्दा बढी भयो भने राज्यले थेग्न सक्दैन।**

एक्काइसौं शताब्दीको शुरूआतसँगै विश्वमा जनसङ्ख्याका अनेक समस्या सतहमा देखिएका छन्। कुनै बेला जनसङ्ख्याको तीव्र वृद्धिलाई समस्याका रूपमा लिइन्थ्यो तर अहिले प्रजनन दरमा आएको गिरावट र जनसङ्ख्याको आकार घट्दै गएको अवस्था विश्वव्यापी रूपमा देखिएको छ। जनसङ्ख्याका यी सङ्क्रमण समाधानका लागि साझा धारणा बनाउने बेला विश्वमञ्चहरू उपयोग हुने गरेका छन्। जनसङ्ख्यासँग सम्बन्धित कतिपय समस्या क्षेत्रीय चासोका छन्। तिनीहरूलाई क्षेत्रीयरूपमा बहस–छलफल गरेर टुङ्गोमा पुग्ने गरिएको छ। सोही क्रममा एशियाली जनसङ्ख्याका समस्या र तिनको समाधानका उपायहरू सुझाउन एशियाली जनसङ्ख्या सङ्घ (एपिए) को आयोजनामा मङ्सिर १२ देखि १५ गतेसम्म काठमाडौंमा छैटौं एशियाली जनसङ्ख्या सम्मेलन हुन गइरहेको छ।

नेपालले एउटा सौभाग्य पाएर अन्तर्राष्ट्रिय सम्मेलन गर्न लागेको छ। यसको स्थानीय आयोजक त्रिविको जनसङ्ख्या अध्ययन केन्द्रीय विभाग (सिडिपिएस) हो। नेपालले सन् २०१४ मा राष्ट्रिय जनसङ्ख्या सम्मेलन गरेको थियो। नेपाल सन् २०२६ सम्म कम विकसित राष्ट्रबाट विकसित राष्ट्रतिर जाँदैछ भने नेपालले आफूलाई प्रमाणित गर्न यो सम्मेलन वास्तवमा कोसेढुङ्गा साबित हुनेछ। यसले नेपालको जनसङ्ख्या र विकासलाई नयाँ आयम दिनेछ भन्ने विश्वास गरिएको छ।

मूलरूपमा जनसाङ्ख्यिक प्रक्रिया (डेमोग्राफिक प्रोसेस) का मुख्य विषयवस्तुलाई आधार मानेर त्यस प्रक्रियासँग जोडिने विषयहरू जन्म, मृत्यु र बसाइँसराइ आदिलाई समावेश गरिएको छ। यही प्रक्रियाबाट जनसङ्ख्याको आकार र संरचना निर्धारण हुन्छ। समाज र संस्कृतिसँग जनसाङ्ख्यिक प्रक्रिया (जन्म, मृत्यु र बसाइँसराइ) लाई एकीकृत गरी फराकिलो दायराबाट विकास प्रक्रियासँग जोडेर हेरियो भने समग्र विकास प्रक्रियामा योगदान पुऱ्याउने छ। आज विश्वव्यापीरूपमा नै जन्मदर घट्दै गइरहेको हुनाले र त्यसलाई बढाउन पनि नसकिने अवस्थामा पुगेको कारणले यसको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने कुरा गहन अध्ययन–अनुसन्धानको विषय बनेको छ।

यस सम्मेलनमा जनसङ्ख्याका निर्धारक तत्त्व र भोलिको जनसङ्ख्या कस्तो हुने, जनसाङ्ख्यिक लाभको विकास प्रक्रियामा र अर्थतन्त्रसँग सम्बन्ध कस्तो हुने भन्नेबारे बहस हुनेछ। विश्वव्यापीरूपमा मृत्युदर पनि घट्दै गइरहेको छ र स्वाभाविकरूपमा वृद्धावस्थामा पुगेपछि मृत्यु त भइहाल्छ तर मानवीय गतिविधिका कारण उमेर पुग्नु अगावै हुने मृत्यु कसरी रोक्न सकिन्छ त्यो पनि सम्मेलनको महत्त्वपूर्ण विषय हुनेछ। सरुवारोगबाट हुने, नसर्ने रोगबाट हुने, पछिल्लो समयमा देखापरेको कोभिड १९ को सङ्क्रमणबाट पनि मृत्युवरण गर्नुपरेको स्थिति छ। अहिलेको एउटा नयाँ दुर्घटना चोटपटकदेखि विश्वव्यापी युद्धबाट हुने मृत्यु र राज्यको तर्फबाट मारिनेहरू (डेमोसाइड) का कारण पनि मृत्युदर बढेको अवस्था छ। मृत्युका यी विभिन्न आयामबारे पनि सम्मेलनमा छलफल हुनेछ।

बसाइँसराइ विश्वकै ठूलो मुद्दाका रूपमा देखिएको छ। तर पनि बसाइँसराइ क्रम निरन्तर चलिरहन्छ। यो आन्तरिक र बाहिरीरूपमा पनि चलिरहेको हुन्छ। कतिपय अवस्थामा बसाइँसराइ एउटा समस्याका रूपमा आइरहेको छ। हिजो पहाडबाट तराईमा गएका मान्छेहरूलाई फेरि पहाडतिरै फर्काउने र पहाड पनि बसोवासका लागि आकर्षणको ठाउँ बन्ने विषयमा ध्यानाकर्षण गराउन पनि बहस हुनुपर्दछ। तराईको बढ्दो जनघनत्वलाई कसरी न्यूनीकरण गर्ने भन्ने मुद्दा यथावत् छ। यसतर्फ पनि नीतिगत बहस जरुरी देखिएको छ।

विकसित राष्ट्रहरूले पनि प्रजनन दर घट्दै गएको अवस्थालाई गम्भीरतापूर्वक हेर्नुपर्दछ। अहिलेसम्म तेस्रो विश्वका देशहरूबाट विकसित मुलुकहरूमा बसाइँसराइ गर्दा युवा जनसङ्ख्याको सन्तुलन कायम भएको थियो। तर एशियालगायत तेस्रो विश्वमा नै जनसङ्ख्या घट्दै जान थालेपछि विकसित देशहरूले कहाँबाट जनसङ्ख्या आपूर्ति गर्ने ? यो पनि बहसको एउटा विषय हो। विकसित राष्ट्रहरूले जन्मदर बढाउन तीन दशकदेखि धेरै प्रयास गरे पनि सफल भएका छैनन् किनभने त्यो व्यक्तिगत निर्णय हो। यसमा राज्यले जति नै प्रयास गरे पनि केही लाग्दैन। त्यो अवस्था हाम्रो तीन दशकको अनुभवले पनि देखाइसकेको छ। यो समस्या नेपालमा पनि आइसकेको छ। २०७८ सालको जनगणनाले शहरी क्षेत्रमा प्रतिस्थापन तहभन्दा मुनि प्रजनन दर देखाएको छ। कुल प्रजनन दर २.१ भए पनि शहरी क्षेत्रमा २.० मात्र छ। त्यसले गर्दा जनसङ्ख्याको समुचित व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा गहन छलफल गर्नुपर्ने भएको छ। यो सम्मेलनले हामीलाई त्यो अवसर दिएको छ। राष्ट्रिय जनगणना २०७८ का नतीजाहरू विस्तृतरूपमा आउने क्रममा छन्। यो जनसङ्ख्या सम्मेलनमा १७ वटा विषयमा छलफल हुनेछ।

**एशियाली जनसङ्ख्या सम्मेलनको विगत**

पाँचौं जनसङ्ख्या सम्मेलन इन्डोनेशियाको जाकार्तामा भएको थियो। त्यसले उठाएका मुख्य विषय विश्वव्यापी रूपमा जनसङ्ख्याको व्यवस्थापन नै थियो। त्यस सम्मेलनले जनसङ्ख्यालाई फरकफरक कोणबाट व्याख्या गर्नुपर्दछ भन्ने मान्यता राखेको थियो। अर्थात् जहाँ उच्च जन्मदर छ, त्यहाँ एक खालको नीति र जहाँ जनसङ्ख्या कम छ, त्यहाँ अर्को खालको नीति लिनुपर्दछ भन्ने विषयमा छलफल भएको थियो। त्यहाँ के भएको थियो भने एशिया जनसङ्ख्या स्रोत साधनको पनि केन्द्र हो। एशियामा हरेक प्रकारको सम्भावना छ र त्यो सम्भावनाको अधिकतम प्रयोग गरेर एशियाको विकास अति नै छिटो हुन सक्छ भन्ने बुझाइ त्यो सम्मेलनको थियो। त्यसले गर्दा एशियाली देशहरूमा आफूमा भएको सामर्थ्य, स्रोत र साधनलाई बढीभन्दा बढी प्रयोग गर्दै जाने क्रम पनि बढ्यो।

भारतमा झन्डै आठ प्रतिशतको आर्थिक वृद्धि छ। त्यो वृद्धिदरमा छ भन्नुको अर्थ भारतले त्यो सम्मेलनबाट आएको जति पनि सुझावहरू छन्, विशेष गरी एशियाली देशहरूका लागि पूर्ण रूपमा स्वीकार गरेर त्यस अनुसारका कार्यहरू गऱ्यो। अर्थात् भारतले के बुझ्यो भने जनसङ्ख्या समस्या होइन, सामर्थ्य हो। चीनमा वृद्ध जनसङ्ख्या बढ्दै गएको र जन्मदर घट्दै गइरहेको छ। युवा जनसङ्ख्या बिस्तारै घट्ने क्रममा भएकोले चीनको आर्थिक विकास जनसङ्ख्याको बदलिंदो स्वरूपले कहीं न कहीं अवरुद्ध त हुने होइन भन्ने प्रश्न उठेको छ। यो ठूलो बहस बनेको छ। त्यसले गर्दा जनसङ्ख्यालाई विकाससँग जोडेर यसलाई एकीकृत प्रणालीमा अगाडि लिएर जानको लागि जकार्ताको सम्मेलनले ठूलो योगदान गरेको थियो।

यस सम्मेलनबाट एशिया प्रशान्त क्षेत्र पूर्णरूपमा लाभान्वित हुन्छ नै। त्यसको साथसाथै उत्तर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र युरोपसम्म सबैतिर यसको सन्देश प्रवाह हुनेछ। तर एशिया प्रशान्त क्षेत्रमा भने जनसङ्ख्या र विकाससम्बन्धी खास मुद्दाहरू आउँछन् किनभने धेरै सहभागीहरू एशिया प्रशान्त क्षेत्रबाट प्रतिनिधित्व गर्नेछन्। उनीहरूले आफ्ना देशका मुद्दाहरू उठाउँछन्, जुन विश्वव्यापी जनसङ्ख्या र विकास प्रवृत्तिसँग जोडिएका हुनेछन्।

सम्मेलनमा विकसित र विकासशील देशहरू जसरी आज जनसाङ्ख्यिक रूपान्तरण भइरहेका छन्, त्यसबारे सबैलाई जानकारी गराउनेछ। यो सन्देश विश्वभर जान्छ। अहिले जुन तथ्यहरू आएका छन्, त्यसलाई हामीले बहसमा ल्याउन र अब हामीले कुन बाटो समाउँदा हाम्रो जनसङ्ख्याको व्यवस्थापन पनि हुन्छ र विकासमा यसले योगदान गर्न सक्छ भन्ने विषयमा आउने निष्कर्षहरूले सरकारलाई जनसङ्ख्या नीति बनाउन निकै सहयोग पुग्नेछ।

**नेपालले उठाउने विषयहरू**

अहिले नेपालको जनसङ्ख्यामा के के कुरा स्थानान्तरण भएको छ, त्यसमा पनि बुढ्यौली जनसङ्ख्या हाम्रो चुनौती हो। यो जनसङ्ख्यालाई कसरी व्यवस्थापन गर्ने ? किनभने राज्यले बुढ्यौली जनसङ्ख्याका लागि के कति लगानी गर्दछ ? अहिलेसम्म हामीले के सोचिरहेका छैनौं भने राज्यको कुल आयको एकदेखि तीन प्रतिशत मात्र सामाजिक सुरक्षामा खर्च गर्ने प्रचलन छ। अहिले हामी बजेटको १४ प्रतिशत खर्च गरिरहेका छौं। त्योभन्दा बढी भयो भने राज्यले थेग्न सक्दैन। त्यसले गर्दा यसका विकल्पहरू के के छन् खोज्ने बेला भएको छ। पहिलो कुरा हामी आर्थिक रूपमा सबलीकरणमा जानुपर्ने हुन्छ। आर्थिक उन्नति सबैभन्दा महत्त्वपूर्ण कुरा हो। किनभने भोलि हामीले दिगोरूपमा बाँच्नुपर्ने र बुढ्यौली जनसङ्ख्याको व्यवस्थापन हाम्रो लागि सबैभन्दा ठूलो चुनौती हो। किनभने अहिले जनसङ्ख्याले आश्रित दर घट्दै गइरहेको देखाएको छ। जस्तो बच्चाहरूको आश्रय दर, त्यो त कम भएको छ।

(बाँकी पाँचौं पातामा)



**ऐतिहासिक हरसिंहडाँडा र हिमशृङ्खला :** लमजुङको मर्स्याङ्दी गाउँपालिका–३ स्थित राष्ट्रिय विभूति भक्ति थापाले बालापनमा गाईवस्तु चराएको हरसिंहडाँडा पृष्ठभूमिमा मनास्लु, हिमाल चुली, बौद्ध हिमाललगायतका हिमशृङ्खला दृश्य। पछिल्लो समय यस डाँडा र हिमाल हेर्न पर्यटक आकर्षित हुने गरेका छन्। तस्बिरः जनक श्रेष्ठ/रासस

## फरक समाचार

# मुखको र्‍यालका फाइदाहरू

मुखको र्‍यालका विषयमा आज हामीले बताउन लागेको कुरा सुनेर तपाईं अचम्मित हुनुहुनेछ कि यसले तपाईंको जीवनलाई कत्तिको लाभ पुऱ्याउन सक्छ। यसको प्रयोग गरेर विभिन्न रोगहरूबाट आफूलाई जोगाउन सकिन्छ।

**१. दिनको शुरुआत पानीबाट गर्नुहोस्**

बिहान उठ्नासाथ आफ्नो उमेर अनुसार, साना बच्चाहरूले एक गिलास र ठूला व्यक्तिहरूले दुईदेखि तीन गिलास पानी पिउनुहोस्। ध्यान दिनुहोस्, बिहान



कुल्ला नगरीकनै पानी पिउनुपर्छ। साथै, पानी सधैं घुट्कोघुट्को गरेर र बसेर पिउनु उचित हुन्छ।

**२. बिहानको र्‍याल अमूल्य छ**

बिहानको र्‍याल पेटका लागि अत्यन्त लाभदायक मानिन्छ। पानी पिउँदा रातभरि मुखमा जम्मा भएको र्‍याल पनि पेटभित्र जान्छ, जुन पेटको लागि धेरै फाइदाजनक साबित हुन्छ। पेट राम्रो भए स्वास्थ्यसम्बन्धी धेरै समस्या आफैं समाधान हुन्छ। त्यसैले बिहानको र्‍याल खेर नफाल्नुहोस्।

**३. मिर्गौलाका लागि उपयोगी**

बिहानको र्‍याल मात्र होइन, दिनभर पानीलाई मुखमा घुमाउँदै पिउँदा र्‍याल पानीमा मिसिएर पेट र शरीरका अन्य अङ्गहरूमा पुग्छ। यसले ती अङ्गहरूलाई स्वस्थ राख्न सहयोग गर्छ। एक अमेरिकी चिकित्सकको १२ वर्षको अनुसन्धानले यो देखाएको छ कि घुट्कोघुट्को पानी पिउनाले मिर्गौला रोगीहरूको डायलसिस प्रक्रिया कम हुँदै जान्छ र अन्ततः मिर्गौला पूर्णरूपमा ठीक हुन्छ।

**४. चश्मा हटाउन सहयोगी**

बिहानको र्‍याललाई आँखा वरिपरि काजलजस्तै लगाउँदा आँखा तेजिलो हुन्छ र चश्मा लगाउनुपर्ने आवश्यकता हट्न सक्छ।

**५. आँखा रातो हुने समस्या (कन्जक्टिभाइटिस)**

यस समस्यामा आँखा रातो हुन्छ, दुःखाइ र जलन हुन्छ, पानी बगिरहन्छ र आँखा चिप्लो पदार्थले भरिन्छ। बिहानको र्‍याल लगाउँदा २४ घण्टाभित्र सुधार आउने विश्वास गरिन्छ।

**६. आँखा सम्बन्धी रोगहरू**

जसले बिहानको बासी मुखको र्‍याल नियमित आँखा वरिपरि लगाउँछ, उसलाई जीवनभर आँखासम्बन्धी रोगहरू हुँदैन। यो विधिले करीब २२–२३ प्रकारका आँखासम्बन्धी रोगहरू नष्ट हुने बताइन्छ।

**७. पोलेका दाग**

बिहानको र्‍याललाई नियमितरूपमा पोलेको भागमा लगाउँदा ६–८ महीनाभित्र दागहरू मेटिन थाल्छन्।

**८. छालाका रोग**

बिहानको र्‍यालले छालामा नियमितरूपमा मसाज गर्दा सबै प्रकारका छालासम्बन्धी रोगहरू ठीक हुन्छन्।

**९. घाउ–चोट**

बिहानको बासी र्‍याललाई मलहमजस्तै प्रयोग गर्दा सबै प्रकारका घाउ–चोटहरू निको हुन्छन्। मधुमेहका बिरामीका घाउहरू पनि छिट्टै ठीक हुने विश्वास गरिन्छ।

**१०. कपालसम्बन्धी समस्या**

बिहानको बासी र्‍यालले नियमित मसाज गर्दा कपाल झर्ने, सेतो हुने र टाउकोको मुडुलोपनजस्ता समस्या समाधान हुन्छन्।

**११. अनुहारका समस्या**

छालाका सबै रोग जस्तै डन्डीफोर, सुक्खा छाला, दाग–धब्बाजस्ता समस्याहरू र्‍यालले नियमित मसाज गर्दा निको हुन्छन्।

**थप फाइदाहरू**

मुखको र्‍याल अन्य धेरै रोग जस्तै एक्जिमा, सोरायसिस र डेढोपना जस्ता समस्यामा पनि उपयोगी हुन्छ।

**र्‍याल महत्त्वपूर्ण किन ?**

क्यान्सर वा अन्य रोगका कारण जब र्‍याल बन्ने प्रक्रिया बन्द हुन्छ, त्यस्तो अवस्थामा र्‍यालको महत्त्व झनै बढ्छ। यस्तो बेला अरूको र्‍याल प्रयोग गर्नुपर्दा यसलाई महँगो मूल्यमा किन्नुपर्ने हुन्छ। त्यसैले आफ्नो र्‍याल बन्ने क्षमतालाई सक्रिय राख्न प्राकृतिक उपाय अपनाउनुपर्छ।

यसका लागि मेथी, त्रिफला, अमला र दन्त मञ्जनका लागि बबूल, नीम, करञ्ज, जामुन आदिका पात र दतिवन प्रयोग गर्नुपर्छ। रासायनिक मञ्जन र नशालु पदार्थहरू प्रयोग गर्दा र्‍याल बन्ने प्रक्रिया कमजोर हुन्छ।

# महाभारतमा विदुर किन लडेनन् ?

महाभारतमा विदुरले युद्धमा भाग लिन लिएनन् किनभने उनी धर्म र नैतिकतामा समर्पित थिए र नैतिक सल्लाहकारको रूपमा आफ्नो भूमिका पूरा गर्न चाहन्थे। विदुरलाई धर्मराज यमको अवतार मानिन्छ र उनी सदैव सत्य, धर्म र नीतिको मार्गमा लाग्ने व्यक्ति थिए। उनले युद्धमा नलड्नुका मुख्य कारणहरू निम्न हुन्।

**१. नैतिकता र तटस्थताः** विदुरले आफ्नो जीवनकालभरि धर्म र तटस्थताको पालना गरे। उनले हस्तिनापुरको सेवा गरे, तर उनी सधैं सत्य र न्यायको पक्षमा रहे। उनले कौरव र पाण्डव दुवैलाई असल सल्लाहहरू मात्र दिए, कहिलै दुवैलाई पक्षपात गरेनन्। उनको भूमिका योद्धाको थिएन, मार्गदर्शकको रूपमा थियो।

**२. धर्मको रक्षाः** विदुरले युद्धभन्दा धर्मको प्रचार र रक्षा गर्नु आफ्नो कर्तव्य ठाने। उनले युद्धलाई अनावश्यक विनाशको रूपमा लिए र सधैं शान्ति एवं अहिंसाको समर्थक रहे।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## कोप–२९ सम्मेलनः धनी देशले प्रतिवर्ष कम्तीमा ३०० अर्ब अमेरिकी डलर तिर्ने सहमति

संयुक्त राष्ट्रसङ्घ, ९ मङ्सिर/एएफपी

दुई साता लामो वार्तापछि अन्तिम सम्झौतामा विकसित राष्ट्रहरूले सन् २०३५ सम्म विकासोन्मुख देशहरूलाई




आफ्नो अर्थतन्त्रलाई हरित बनाउन र अझ खराब विपत्तिको सामना गर्न सहयोग गर्न प्रतिवर्ष कम्तीमा ३०० अर्ब अमेरिकी डलर तिर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

यो रकम धनी देशहरूले समयावधि समाप्त हुने प्रतिबद्धता अन्तर्गत उपलब्ध गराएको १०० अर्ब अमेरिकी डलर र शुक्रवारको मस्यौदामा प्रस्तावित २५० अर्ब अमेरिकी डलरभन्दा बढी हो।

**जलवायु वित्त निर्माणको जग तयारः गुटेर्रेस**

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले अजरबैजानमा आइतवार बिहान भएको जलवायु वित्त सम्झौता पर्याप्त नभएको भन्दै यसलाई जलवायु वित्तको 'आधार'का रूपमा हेर्न आग्रह गरेका छन् ।

गुटेर्रेसले जारी गरेको विज्ञप्तिमा भनिएको छ–"हामीले सामना गरिरहेको ठूलो चुनौतीको सामना गर्न वित्त र न्यूनीकरण दुवैमा मैले अझ महत्त्वाकाङ्क्षी परिणामको आशा गरेको थिएँ, यो सम्झौतालाई आधारको रूपमा हेर्दै जलवायु वित्तको आधार निर्माण गर्न म सरकारहरूलाई अपिल गर्दछु ।"

उनले भने–"यो सम्झौतालाई पूर्णरूपमा समयमैं सम्मान गर्नुपर्छ ।"

महासचिव गुटेर्रेसले भने–"प्रतिबद्धताहरू चाँडै नगदमा परिणत हुनुपर्दछ । यो नयाँ लक्ष्य सुनिश्चित गर्न सबै देशहरू एक साथ आउनुपर्छ ।"

उनले भने–"तापमान वृद्धिको १.५ डिग्रीको सीमालाई जीवित राख्नको लागि कोप २९ मा एउटा सम्झौता नितान्त आवश्यक थियो र देशहरू यो कार्यान्वयन गर्न सहमत भएका छन् ।"

कार्य योजनाहरू जारी राख्न थप दबाब दिने अभियानकर्मीहरूलाई सन्देशको साथ समापन सम्बोधन गर्दै उनले भने–"जीवाश्म इन्धनको युग अन्त्य हुनु अपरिहार्य छ त्यसैले राष्ट्रहरूले 'कोप ३० भन्दा धेरै पहिले' अर्थ व्यवस्थामा आधारित न्यायपूर्ण नयाँ जलवायु कार्य योजनाहरू प्रदान गर्न आह्वान गरे ।"

"संयुक्त राष्ट्रसङ्घ तपाईंहरूको साथमा छ । हाम्रो लडाइँ जारी छ । हामी कहिल्यै हार मान्दैनौं"–गुटेर्रेसले भने। रासस

## दुष्प्रचार र गलत सूचनासम्बन्धी विधेयक अघि नबढाइने

क्यानबेरा, ९ मङ्सिर/सिन्हवा

अस्ट्रेलियाको सरकारले सामाजिक सञ्जाल कम्पनीहरूलाई आफ्नो प्लेटफर्ममा दुष्प्रचार र गलत सूचनालाई नियमन गर्न बाध्य पार्ने प्रस्तावित कानूनहरू औपचारिकरूपमा खारेज गरेको छ ।

सञ्चारमन्त्री मिचेल रोल्यान्डले सिनेटमा भएको विरोधका कारण सरकारले गलत सूचनासम्बन्धी विधेयक अघि नबढाउने घोषणा गरेका हुन् ।

यदि यो कानून पारित भएको भए, यसले अस्ट्रेलियाली सूचना तथा मिडिया प्राधिकरण (एसिएमए)लाई सामाजिक सञ्जाल कम्पनीहरूलाई जरिवाना गर्ने अधिकार दिने थियो । यो कदमले सामाजिक सञ्जालमा दुष्प्रचार र गलत सूचनाको निगरानी र नियमन गर्न सहजता प्रदान गर्ने विश्वास सरकारले गरेको थियो।

विपक्षी गठबन्धन, ग्रीन्स र धेरै स्वतन्त्र सिनेटरले विधेयकलाई अस्वीकार गरेपछि सत्तारूढ लेबर पार्टीलाई विधेयकको पक्षमा आवश्यक बहुमत प्राप्त गर्न कठिन देखिएपछि प्रस्तावलाई अघि नबढाइएको हो ।

रोल्यान्डले सन् २०२४ को अन्तिम संसदीय बैठकको एक हप्ता अघि यो घोषणा गरेका हुन् ।

सरकारले १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोग गर्न प्रतिबन्ध लगाउने विश्वकै पहिलो योजनाका लागि कानूनलाई द्रुत गतिमा अघि बढाएको थियो भने संसद्ले आगामी बुधवार वा बिहीवार विधेयक पारित गर्ने अपेक्षा गरिएको थियो। रासस

## युद्धविराम गर्न इयूका उच्च कूटनीतिज्ञको आग्रह

बेरुत, लेबनान, ९ मङ्सिर/एएफपी

युरोपेली सङ्घ (इयू)का विदेश नीति प्रमुख जोसेप बोरेलले लेबनानको राजधानी बेरुतको भ्रमणका क्रममा इजरायल–हिजबुल्लाह युद्धमा तत्काल युद्धविरामको लागि वार्ता शुरू गर्न आह्वान गरेका छन् ।

सेप्टेम्बर २३ देखि इजरायलले लेबनानमा आफ्नो हवाई अभियानलाई तीव्र बनाएको छ। हिजबुल्लाहले आफ्नो सहयोगी हमासको समर्थनमा लगभग एक वर्षको सीमित हवाई आक्रमणपछि इजरायलले हिजबुल्लाहविरुद्धको आक्रमणलाई तीव्र बनाएको हो ।

लेबनानी संसद्का सभामुख नाबिह बेरीलाई भेटेपछि बोरेलले भने, "हामी तत्काल युद्धविराम र संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव १७०१ को पूर्ण कार्यान्वयनको एउटा मात्र सम्भावित बाटो देख्छौं ।"

प्रस्ताव १७०१ ले सन् २००६ को हिजबुल्लाह–इजरायल युद्धको अन्त्य गरेको थियो र लेबनानी सेना र संयुक्त राष्ट्रसङ्घका शान्ति सैनिकहरू देशको दक्षिणमा एकमात्र सशस्त्र बल हुनुपर्ने उल्लेख गरेको थियो । प्रस्ताव १७०१ ले इजरायललाई लेबनानबाट सेना फिर्ता गर्न पनि आह्वान गरेको छ ।

बोरेलले आइतवार भने, "सेप्टेम्बरमा म आएको थिएँ । हामी लेबनानमा आक्रमण गर्ने इजरायलको पूर्ण युद्ध रोक्न सक्छौं भन्ने लागेको थियो । त्यसो हुन सकेन ।"

उनले भने, "दुई महीनापछि लेबनानमा मानवीय तथा आर्थिक सङ्कट व्यापक भएको छ ।"




फ्रान्स र वाशिङ्टनले युद्धविराम प्रयासको नेतृत्व गरिरहेका छन् । अमेरिकी दूत अमोस होचस्टीनले यसै साता लेबनान र इजरायलको भ्रमण गरी प्रस्ताव १७०१ को कार्यान्वयनका आधारमा युद्धविराम योजनाबारे छलफल गरेका छन् ।

"हामीले इजरायली सरकारलाई दबाब दिनुपर्छ र युद्धविरामका लागि अमेरिकी प्रस्ताव स्वीकार गर्न हिजबुल्लाहमाथि दबाब कायम राख्नुपर्छ," बोरेलले भने । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – शत्रुभय | वृष – चोरभय |
| मिथुन – उदरपीडा | कर्कट – विजय |
| सिंह – धनक्षति | कन्या – सुयश |
| तुला – बेचैनी | वृश्चिक – धनलाभ |
| धनु – सफलता | मकर – अलमल |
| कुम्भ – वादविवाद | मीन – यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**कर्णाली नदीको सङ्गमस्थलः** कालीकोटको खाँडाचक्र नगरपालिका–२ नगरहरिनाथ गाउँपालिका–१ मा रहेको तिला नदी र कर्णाली नदीको सङ्गमस्थल । तस्बिरः सुरेश आचार्य/रासस

### प्रहरी ...

समयसापेक्ष परिमार्जन एवं संशोधन गरी नयाँ सशस्त्र प्रहरी ऐन तर्जुमा गर्न तथा सर्वोच्च अदालतबाट सशस्त्र प्रहरी कर्मचारीको सेवा शर्त सम्बन्धमा फैसला कार्यान्वयन गर्नुका साथै सशस्त्र प्रहरी सेवालाई नेपालको संविधान, प्रचलित कानून तथा मानव अधिकारप्रति प्रतिबद्ध, व्यावसायिक र प्रभावकारी बनाउँदै शान्तिसुरक्षा एवं सुव्यवस्था, विपद् व्यवस्थापन, सीमा सुरक्षा, सीमा अपराध नियन्त्रणलगायतका काममा परिचालन गर्न सशस्त्र प्रहरीसम्बन्धी कानूनी व्यवस्थालाई संशोधन तथा एकीकरण गर्न आवश्यक रहेकाले विधेयक अघि बढाइएको कानून महाशाखाका प्रमुख रिजालले बताए ।

"मन्त्रिपरिषद्को कार्यालयमा विधेयक पेश भयो, अब मन्त्रिपरिषद्ले विधेयक सङ्घीय संसद्मा प्रस्तुत गर्न स्वीकृति दिनेछ," सहसचिव रिजालले भने, "नेपाल प्रहरी ऐन, २०१२ र सशस्त्र प्रहरी ऐन, २०५८ संशोधन भए सङ्गठनलाई थप सुदृढ र कार्य सञ्चालनमा सहज हुने अपेक्षा गरिएको छ ।"

गृहमन्त्री लेखकले आफ्नो प्राथमिकतामा राखेको प्रहरी विधेयक आगामी सङ्घीय संसद्बाट पारित गराउने लक्ष्य राखेका छन् । उनले भने, "विधेयक पारित भएमा प्रहरीमा ३० वर्षे सेवा अवधि हट्नाका साथै प्रहरीको तल्लो दर्जाले १६ वर्षे सेवापछि अवकाश लिन पाउने र प्रहरी सङ्गठन समावेशी र राष्ट्रिय स्वरूपको हुनेछ ।"

गृह मन्त्रालयले दुवै प्रहरी ऐनलाई प्रतिस्थापन गरी प्रहरी सेवाको विशिष्टीकरण, प्रहरी कर्मचारीको हित र कल्याणका नयाँ प्रावधान विधेयकमा समाविष्ट गरिएको जनाएको छ । प्रस्तावित विधेयकले ऐनको हैसियत प्राप्त गरेपछि दुवै प्रहरी सङ्गठनको बृहत्तर हित हुने मन्त्रालयले विश्वास गरेको छ ।

### कोप-२९ ...

क्यारिबियनका ४५ देशहरूको प्रतिनिधित्व रहेको छ, जसको संयुक्त जनसङ्ख्या एक अर्बभन्दा बढी छ ।

**कोपमा सोचेजस्तो प्रगति भएन –वन मन्त्रालय**

वन तथा वातावरण मन्त्रालय अन्तर्गत जलवायु व्यवस्थापन महाशाखा प्रमुख डा सिन्धुप्रसाद ढुङ्गानाले कोपका उपलब्धि सोचेजस्तो नभएको टिप्पणी गरेका छन् । "एलडिसीको धारणा नेपालको पनि धारणा हो, कोपमा आशातीत सफलता भएन," उनले भने, "जलवायु वित्त सहयोग एक दशमलव तीन ट्रिलियन हुनुपर्ने हाम्रो माग रहेकामा जम्मा तीन सय बिलियन सहयोग हुने भनिएको छ तर एक दशमलव तीन ट्रिलियन दस्तावेजीकरण भएको छ । अब निरन्तर यसमा लागिरहनुपर्छ ।"

पर्वतको विषय कोपमा दस्तावेजीकरण हुनु भनेको नेपालको लागि उपलब्धिमूलक भएको र आगामी कोपमा निर्णयका रूपमा आउन सक्ने उनले अपेक्षा व्यक्त गरे । "कोपको निर्णयमा एनसिक्युजी अगाडि बढेको छ। बहुपक्षीय कोषको आकार बढ्नुपर्छ भनेका थियौं, द्विपक्षीय सहायता बढाउनुपर्छ भन्ने कुरा आएको छ, यसले दातृ निकायहरूसँग पनि जलवायु वित्तका लागि पैरवी गर्न पाइन्छ," ढुङ्गानाले भने, "नेपाल कार्बन व्यापारमा जाने तयारी गरिरहेको छ, अर्को पक्षले कार्बन किन्छु भनेर पनि नकिनेमा पनि अब पेरिस सम्झौतामा टेकेर अगाडि बढ्न पाइन्छ, यी नेपालको हितमा गरिएका महत्त्वपूर्ण निर्णय हुन् ।"

**ठूला अर्थतन्त्र र धेरै कार्बन उत्सर्जन गर्नेहरूको जीत भयो –जलवायुविद्**

कोपमा उपस्थित नेपाली प्रतिनिधिहरू भने कोपका निचोडका केही एजेन्डाले उत्साहित छन् भने सहमति नजुटेका एजेन्डाले निराश बनाएको छ। "बहुपक्षीय वार्ता प्रक्रियाहरूमा जित्ने र हार्ने नहुनुपर्ने हो तर बाकुमा सम्पन्न कोप–२९ मा सबैभन्दा ठूला अर्थतन्त्र र सबैभन्दा धेरै कार्बन उत्सर्जन गर्नेहरूको जीत भयो भने जलवायु परिवर्तनको सबैभन्दा बढी असर भोगिरहेका देशहरूलाई पछाडि पारेर जलवायु वित्त र उत्सर्जन कटौती गर्नेबारेमा न्यून उपलब्धि भएका छन्," जलवायुविद् मञ्जीत ढकालले भने, "बाकु सम्मेलनमा भएका उपलब्धिहरूलाई फर्केर हेर्दा नेपाललगायत जलवायुजन्य प्रकोपका हिसाबले संवेदनशील देशहरूलाई आवश्यक स्रोतको सुनिश्चित गर्न र विश्वव्यापी तापक्रम वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित गर्न अझै धेरै काम गर्नुपर्ने आवश्यकता देखिन्छ ।"

कोप–२९ ले जलवायु वित्त, कार्बन बजार, अनुकूलन र लैङ्गिक समानताको क्षेत्रमा नयाँ आयाम थप्दै विश्वव्यापी जलवायु कार्यलाई एकीकृत गर्न महत्त्वपूर्ण योगदान दिएको र अब थप परिणाममुखी निर्णयहरू लिन विश्वभरिका देशहरूले तयारी गर्ने युएनएसिसिसीको सचिवालयले जनाएको छ ।

ढकालले कोप वार्ता प्रक्रियाको उपलब्धिमा जलवायु वित्तको नयाँ लक्ष्य एनसिक्युजीका बारेमा विकसित देशहरूले विकासोन्मुख देशलाई वार्षिक तीन सय बिलियन डलरसम्म उपलब्ध गराउने सहमति नै कोपको मुख्य सकारात्मक उपलब्धि भएको बताए । "विकासोन्मुख राष्ट्रहरूको माग वार्षिक एक दशमलव तीन ट्रिलियन डलर भएको समेत उल्लेख गरिएको छ, साथै जलवायु वित्तमा सहज पहुँच हुनुपर्ने मागमा सामान्य प्रगति भएको छ । क्षति र नोक्सानीलाई जलवायु वित्तको नयाँ लक्ष्यका रूपमा समावेश गराउनेबारे पनि सामान्य प्रगति भएको छ," उनले भने ।

कार्बन उत्सर्जन घटाउनुपर्ने एजेन्डामा भने धनी मुलुकहरू सकारात्मक नदेखिएको उनको भनाइ छ । विशेषगरी पेट्रोलियम उत्पादन र बिक्रीमा आश्रित देशहरूको भूमिका असहयोगी रहेको जलवायुविज्ञ ढकालको टिप्पणी छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पनि कोप–२९ मा जलवायु वित्त सहयोग र पृथ्वीको तापमान वृद्धि एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्नका लागि कार्बन उत्सर्जन न्यूनीकरणमा भएका सहमति अपेक्षा गरिए अनुसार नभएको टिप्पणी गरेका छन् ।

### छैटौं ...

हामीसँग अहिले युवा जनसङ्ख्या छ। यस अवस्थामा हामीले आर्थिक विकासमा जनसङ्ख्याको सदुपयोग र विकासको दायरा बढाउँदै जानुपर्ने हुन्छ। यही बढेको दायराबाट हामीले ज्येष्ठ नागरिकको व्यवस्थापन गर्न सक्छौं। ज्येष्ठ नागरिकले भोलिका दिनमा राजनीतिमा हस्तक्षेप गर्ने स्थिति पनि छ। यो उमेर समूहको बाहुल्य हुँदै गयो भने राजनीतिमा उनीहरूको 'बार्गेनिङ' बढ्छ । त्यो अवस्थामा पुग्नुभन्दा अगाडि नै राज्यले यसको दिगो व्यवस्थापनगर्ने एउटा ठूलो नीतिगत बहस हो। अर्को कुरा अहिले जसले पनि नेपालबाट यति मान्छे विदेश गइरहेका छन्, यो त देश नै खाली हुने हो कि ? भन्ने चिन्ता व्यक्त गर्ने गरेका छन् । सञ्चारमाध्यमले पनि यताबाट जानेहरूको हुल मात्रै देखाएको छ तर फर्कनेहरूको देखाउँदैन । तर जाने र आउनेमा ठूलो अन्तर छ। यो एउटा प्रक्रिया मात्र नभएर साँच्ची नै भोलिका दिनमा युवा जनशक्ति नभएर देश विकासको गति अवरुद्ध हुन्छ कि भन्ने चिन्ताको विषय पनि हो। अब बसाइँसराइको कस्तो नीति बनाउने भन्ने कुरा बहसको विषय बनेको छ ।

अर्को विषय जलवायु परिवर्तन र यसले मानव बसोवासमा पारेको प्रभावलाई गहनरूपमा हेर्नुपर्ने हुन्छ । जलवायु परिर्वनको कारण मानिसको तराई क्षेत्रमा बसोवास कम हुँदै जानेछ किनभने अत्यधिक गर्मी भयो भने त्यहाँ बस्न नसक्ने अवस्था आउँछ। त्यो हामीले अनुभव गरेका छौं कि तीन/चार वर्षको तापक्रम हेर्ने हो भने तराई क्षेत्रको तापक्रम ह्वात्तै बढेको छ। यो जलवायु परिवर्तनकै प्रभाव हो । जलवायुका दृष्टिले बसोवासका उचित ठाउँ हिमाल र पहाड भएकाले तराईबाट फेरि मानिस फर्कने सम्भावना पनि छ । त्यो प्रक्रियालाई, पछिल्लो समयका प्रकोपहरूले पहाडी क्षेत्रमा फर्कन अवरोध सिर्जन गरिरहेको छ। यसमा भौगर्भिक अध्ययन गरिनुपर्ने र पहाडलाई कसरी पुनर्वासको प्रक्रियामा लिएर जान सकिन्छ भन्नेबारे पनि निष्कर्षमा पुग्न यो सम्मेलनले केही दिशानिर्देश गर्न सक्दछ।

तेस्रो मुद्दा भनेको जनसङ्ख्या वितरण हो। हिमाली क्षेत्रमा ३४ प्रतिशत भूगोल छ तर जनसङ्ख्या छ प्रतिशत मात्र छ। पहाडमा झन्डै ४२ प्रतिशत क्षेत्रफल छ, त्यसमा ४० प्रतिशत जनसङ्ख्या छ । तराईमा २३ प्रतिशत भूगोल छ तर ५४ प्रतिशत जनसङ्ख्या छ। यो असन्तुलित जनसङ्ख्या वितरणले गर्दा आर्थिक वृद्धिदेखि लिएर उत्पादनमा अनेक चुनौतीहरू आइरहेको छ, यसमा पनि सम्मेलनमा बहस गरेर निष्कर्ष निकाल्नुपर्छ। विशेष गरेर जनसङ्ख्या र विकास, जनसङ्ख्या वृद्धि, जनसङ्ख्या वितरणजस्ता विषयहरूमा सम्मेलनले दिशा निर्देश गर्छ। अर्को कुरा लैङ्गिकताको हो। यी मुद्दाहरू जनसाङ्ख्यिक तथ्यले समेट्न सकेको छैन वा यी दुई विषयको सम्बन्ध स्थापना हुन सकेको छैन। यस विषयमा पनि सम्मेलनमा घनीभूत छलफल हुने नै छ।

–लेखक त्रिवि जनसङ्ख्या अध्ययन केन्द्रीय विभागका सहप्राध्यापक हुन्। रासस

# साना उद्योगहरूलाई पनि प्रोत्साहन गरौं –सप्रजिअ कार्की

नरेश यादव, पर्सागढी, ९ मङ्सिर/

'उद्यमशील संस्कृतिः राष्ट्रिय समृद्धि' नाराका साथ घरेलु तथा साना उद्योग कार्यालय, वीरगंजको आयोजनामा १०औं




उद्योग दिवस सम्पन्न भएको छ।

आइतवार आयोजित कार्यक्रमको उद्घाटन गर्दै सहायक प्रमुख जिल्ला अधिकारी सुमन कार्कीले ठूला उद्योगहरूका साथै साना उद्योगहरूको विकास भएमा मात्र देशको अर्थतन्त्र समृद्ध हुने बताए। उनले अहिले साना उद्योगहरू बन्द भइरहेको, राजस्व घटिरहेको, निर्यात बढ्न नसकेको, रोजगारको अवसर सृजना हुन नसक्दा युवाहरू विदेश पलायन भइरहेको बताउँदै स्थानीय तह सक्रिय भएर साना उद्योगहरूको विकासमा चासो देखाए युवाहरू विदेश पलायन हुने क्रम नियन्त्रणमा आउने बताए।

उनले देशको अर्थतन्त्र समृद्ध नभएसम्म विकासले फड्को मार्न नसक्ने बताए। उनले विकासको काम सही नियतले गरेको खण्डमा परिवर्तन हुने बताए। दिवस मात्र मनाएर केही नहुने भन्दै सबैले आआफ्नो क्षेत्रगत कर्तव्य निर्वाह गर्नुपर्ने बताए। उनले राष्ट्रसेवक कर्मचारीले पदीय जिम्मेवारीलाई इमानदारीका साथ निर्वाह गरेर देखाउन जरुरी भएको बताए। साना उद्योगहरू दर्ता गराउनका लागि १० थरीका झन्झटको सामना गर्नुपर्ने वातावरणमा परिवर्तन गरेर छिटोछरितो काम सम्पन्न गर्ने अवस्थाको विकास भएमा साना उद्यम गर्नेहरूको मनोबल बढ्ने र यसबाट पनि रोजगार वृद्धि हुने बताए।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवालले साना उद्योगहरू सानो लगानीमा घरमैं सञ्चालित हुँदा त्यस्ता उद्योगहरूलाई प्रोत्साहन गर्नुपर्ने सुझाए। उनले महिलाहरूले ससाना उद्योगहरू स्थापना गरेर सामानहरू बनाउने तर त्यसको बजारीकरण नहुँदा समस्या भएको बताए। उनले बजारीकरणको लागि स्थानीय तहले वातावरण बनाउनुपर्नेमा जोड दिए। स्वदेशी घरेलु सामानहरूको बजारीकरणमा सबै तहका सरकारले जोड दिनुपर्ने उनको भनाइ थियो।

निमित्त कार्यालय प्रमुख प्रद्युम्न प्रसादको अध्यक्षतामा भएको कार्यक्रममा पर्यटन विकास पर्साका निमित्त प्रमुख बबिता जयसवाल, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी निरीक्षक विजय चौहान, घरेलु तथा साना उद्योग कार्यालय तालीम शाखा प्रमुख सुदर्शन आचार्य, वाणिज्य तथा प्रशासन शाखा प्रमुख सरीता खड्का, उद्योग प्रशासन शाखा प्रमुख मोहन राव, घरेलु तथा साना उद्योग महासङ्घ पर्साका अध्यक्ष हीरालाल साह कानू, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षणका प्रतिनिधि मधुरेशप्रसाद साहलगायतको सहभागिता थियो। कार्यक्रममा घरेलु तथा साना उद्योग कार्यालय, पर्साकी अधिकृत अञ्जली मण्डलले स्वागत र सञ्जय महतोले सहजीकरण गरेका थिए।

# खेलकूदको संसार

## आत्मानन्द गोल्डकपः सिरिजङ्गाको विजयी सुरुआत

फिक्कल (इलाम), ९ मङ्सिर/रासस

१७औं संस्करणको आत्मानन्द गोल्डकप आइतवारदेखि शुरू भएको छ। जिल्लाको माङ्सेबुङ गाउँपालिकास्थित प्रस्तावित आत्मानन्द रङ्गशालामा भएको गोल्डकपको उद्घाटन खेलमा माङ्सेबुङ गाउँपालिकालाई 'टाइब्रेकर'मा ४–३ गोलअन्तरमा रोक्दै मोरङको सिरिजङ्गा स्पोर्टिङ क्लब विजयी भएको छ।

निर्धारित समयमा दुवै टोलीबाट गोलरहित बराबरी भएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो। खेलमा विजेता सिरिजङ्गाका गोलरक्षक प्रमीश गच्छदार 'म्यान अफ दी म्याच' घोषित हुँदै नगद रु पाँच हजार प्राप्त गरे।

सोमवार आयोजक आत्मा–पवित्र खेलकूद विकास समिति र झापाको भाङबारी स्पोर्टिङ क्लबबीच प्रतिस्पर्धा हुने आयोजक समितिकी सचिव सरीता राईले जानकारी दिए। गोल्डकपमा नेपालको इलाम, झापा, पाँचथर र मोरङ तथा भारतको एक गरी आठ टोलीको सहभागिता छ। विजेताले नगद रु तीन लाख ११ हजार १७१ र उपविजेताले नगद रु दुई लाख पाँच हजार १७१ प्राप्त गर्नेछन्।

स्थानीय किराँत धर्मगुरु आत्मानन्द लिङ्देनको ९१औं जन्मोत्सवको अवसरमा आयोजित गोल्डकपको फाइनल मङ्सिर १७ गते हुनेछ।

# गढीमाईले सबैको मनोकामना पूरा गर्नुहुन्छ –मन्त्री चौरसिया

प्रस, परवानीपुर, ९ मङ्सिर/

कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजय चौरसियाले सनातनकालदेखि लाग्दै आएको पञ्चवर्षीय गढीमाई मेलाको पूजा गर्दा सबैको मनोकामना पूरा हुने जनविश्वास रहेको बताए। शनिवार गढीमाई मन्दिरमा पूजा गर्न पुगेका मन्त्री चौरसियाले हिन्दू धर्मावलम्बीहरूको गढीमाईमा ठूलो आस्था भएकै कारण आजसम्म नेपाल, भारतलगायत अन्य देशहरूबाट हिन्दूहरू ठूलो सङ्ख्यामा गढीमाई मेलामा आउने गरेको बताए।

उनले मेला परम्परागतरूपमा भव्य र सभ्य तरीकाबाट सम्पन्न गर्नुपर्ने र यसको लागि नेपाल सरकारको पूर्ण साथ र समर्थन रहने बताए। उनले मेलाबारे पर्यटनमन्त्रीको ध्यानाकर्षण गराउने बताए। उनले गढीमाई मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन सरकारले पहल गर्ने बताए।



मङ्सिर १ गतेदेखि विधिवत्रूपमा शुरू भएको गढीमाई मेलाको अवलोकन गर्न सङ्घीय, प्रदेशका मन्त्रीहरू, सांसद, प्रदेशसभा सदस्यहरूका साथै विभिन्न ओहोदामा रहेका व्यक्तिहरू मेला भर्न आउने क्रम बढ्दो छ।

# रौतहटमा मातृभुमि पार्टीको चुनावीसभा

प्रस, रौतहट, ९ मङ्सिर/

राष्ट्रिय मातृभूमि पार्टीका वरिष्ठ उपाध्यक्ष रोमलाल गिरीले नेपालमा रहेका प्रमुख राजनीतिक दलका नेताहरूले देशमा गरीबी बढाएको आरोप लगाएका छन्।




रौतहटको गढीमाई नगरपालिका–८ स्थित वीरनगरामा शनिवार आयोजित चुनावीसभामा उनले देशमा वैदेशिक ऋण बढ्दै गएको र प्रमुख राजनीतिक दलका नेताहरूको दरिद्र मानसिकताका कारण जनता दिन प्रतिदिन झन्झन् गरीब हुँदै गएको बताए। उनले नेपाल गरीब हुनुको कारण राजनीतिक भएको बताउँदै शिक्षित भएर गरीबी हटाउनेतर्फ पहल आवश्यक भएको बताए।

उनले पुराना दलका नेताहरूका कारण देशको माटोमा गरिखाने वातावरण नबनेरै युवाशक्ति विदेशिरहेको बताए।

जिल्ला अध्यक्ष रञ्जीत पटेलको अध्यक्षतामा भएको चुनावीसभामा महासचिव गोविन्द गिरी, कोषाध्यक्ष केशव भट्टराई, केन्द्रीय सदस्य सविता झा, शम्भु साह, हरिविनय साह निरालालगायतले मन्तव्य व्यक्त गरेका थिए।

## कपडा बैंकलाई लायन्सको सहयोग

प्रस, वीरगंज, ९ मङ्सिर/

लायन्स क्लब अफ वीरगंज सेस्मी एकेडेमीले वीरगंज कपडा बैंकलाई कपडा सहयोग गरेको छ।



वीरगंज महानगरपालिका–३ प्रगतिनगरस्थित सेस्मी एकेडेमीकी सलमा खातुन, आश्मा सिंह यादव, अजयकुमार साहलगायत बैंकको कार्यालय पुगेर दुई बोरा र दुई झोला कपडा बैंकका उपाध्यक्ष मोनिका सिंहलाई हस्तान्तरण गरेका थिए।

सो अवसरमा वीरगंज कपडा बैंकका अध्यक्ष लालबाबू सिंह, कोषाध्यक्ष मनोज मिश्र र कर्मचारी शोभा देवीलगायतको सहभागिता थियो।

**जिप्रका ...**

वितरणका लागि भाडामा लगाइएका सटरहरू कार्यालय प्रयोजनमा आवश्यक भएकाले खाली गराइएको उनले बताए।

जिप्रका, पर्साले अर्जेन्ट साइबर, फोटो फेस डिजिटल स्टुडियोका तीनवटा सटर र न्यू क्वालिटी प्रिन्टर्स एन्ड नाइलन स्टाम्पलाई सटरहरू भाडामा दिएको थियो। सटरवालाहरूलाई आजको मितिले ३५ दिनभित्र बक्यौता तिरेर खाली गर्न भनिएको छ।




# कायस्थ पत्रकार समाजको राष्ट्रिय सम्मेलन

नितेश कर्ण, काठमाडौं, ९ मङ्सिर/

कायस्थ पत्रकार समाजको प्रारम्भिक राष्ट्रिय सम्मेलन काठमाडौंमा सम्पन्न




भएको छ।

सम्मेलनले प्रवीण चौधरी कायस्थको नेतृत्वमा ११ सदस्यीय केन्द्रीय समिति गठन गरेको छ। समितिको उपाध्यक्ष जीतेन्द्र श्रीवास्तव, महासचिव शिल्पा कर्ण, सचिव अशोक श्रीवास्तव, कोषाध्यक्ष सुस्मिता लाल र सदस्यहरू सन्तोषकुमारलाल कर्ण, राजभूषण श्रीवास्तव, अनिल वर्मा, सरीताकुमारी श्रीवास्तव, सन्तोष कर्णलगायत छन्। यसैगरी, सम्मेलनले अनिलकुमार कर्णको संयोजकत्वमा विधान समिति बनाएको छ। यो समितिका सदस्यहरूमा नन्दभूषण श्रीवास्तव तथा करुणाकर मल्लिक छन्।

सम्मेलनका प्रमुख अतिथि दिव्य शताब्दी पुरुष डा गौरीशङ्करलाल दासले कायस्थ पत्रकार समाजले कायस्थ मात्र नभएर आम जनसमुदायको पक्षमा काम गर्नुपर्ने बताए।

भारतका वरिष्ठ पत्रकार अजितकुमार सिन्हाले कायस्थ जातिको उत्पत्ति तथा एकताबारे मन्तव्य राखेका थिए। कार्यक्रममा सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लाल, उच्च न्यायालयका पूर्वन्यायाधीश एवं नेपाल कायस्थ महासङ्घका अध्यक्ष लोकेन्द्र मल्लिकलगायतको सहभागिता थियो।

## मेराज नआएपछि निराशा

प्रस, परवानीपुर, ९ मङ्सिर/

भोजपुरी हास्य कलाकार मनि मेराज रक्सौलको सोना टाकिजमा आइतवार नआएपछि दर्शकहरू निराश भए।

मेराज आज दिउँसो ३ बजे सोना टाकिजमा आउने कार्यक्रम थियो। तर उनलाई छौडादानोमा प्रशंसकहरूले घेरेका र सो क्रममा दर्शकहरूबीचमा झडप भएकोले रक्सौल आउन नसकेको बताइन्छ। सोना टाकिजका सञ्चालक जीतेन्द्र गुप्ताले प्राविधिक कारणले मेराज रक्सौल आउन नसकेको बताए। उनको आगमन हुने खबरले नेपालबाट पनि सयौं दर्शक सोना टाकिजमा पुगेका थिए। यूटच्यूबबाट कमेडी भिडियोमार्फत रातारात स्टार बनेका मेराज पछिल्लो समय म्यूजिक भिडियो र भोजपुरी सिनेमा पनि संलग्न छन्।

**आँखा ...**

बताए। निचुटामा रहेको तिलगङ्गा सामुदायिक आँखा केन्द्रमा आयोजित शिविरमा छवटा पालिकाका सातवटा वडाबाट एक हजार ३०० बिरामीले आँखा परीक्षण गराएका र त्यसमध्ये २३० जनामा मोतीबिन्दु फेला परेको थियो।

पटेर्वासुगौली गापाले व्यवस्थापन गरेको शिविरमा तिलगङ्गा सामुदायिक आँखा केन्द्रले आँखामा लाग्ने लेन्स, औषधि र चश्मा उपलब्ध गराएको थियो।

## लैङ्गिक हिंसाबाट सचेत बनौं

**शारीरिक हिंसाः**

> कुटपिट गर्ने, जीउ पोल्ने, डाम्ने, कुरूप पार्ने, घरबाट निकाला गर्ने,

**मानसिक हिंसाः**

> गालीगलौज गर्ने, अपमानित गर्ने, डर धम्की र त्रासपूर्ण व्यवहार गर्ने, झूटा आरोप लगाउने, मानसिक र भावनात्मक चोट पुऱ्याउने,

**यौनजन्य हिंसाः**

> यौन दुर्व्यवहार गर्ने, यौन शोषण गर्ने, जबरजस्ती करणी गर्ने, देह व्यापारमा लगाउने, यस्ता कार्य लैङ्गिक हिंसाका घटना हुन्, यस्ता घटनाविरुद्ध सचेत होऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड